# सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९

प्रमाणिकरण मितिः २०७९।०५।३०

**संशोधन**

सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०८० २०८१।०५।०९

प्रस्तावनाः प्रदेश निजामती सेवालाई व्यावसायिक, मर्यादित, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउने प्रयोजनको लागि प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्तसम्बन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद–१

प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अख्तियारवाला" भन्नाले दफा १५ बमोजिम नियुक्ति गर्ने सक्ने अधिकारी सम्झनु पर्छ।

♣**(क१) "आयोग" भन्नाले प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ ।**

(ख) "आर्थिक रुपले विपन्न खस आर्य" भन्नाले संघीय कानूनले तोकेको आय वा सो बराबरको आय भएको आर्थिक रुपले विपन्न खस आर्य समूहको व्यक्ति सम्झनु पर्छ।

♣**(ख१) "कार्यालय" भन्नाले प्रदेश सरकारका कार्यालय सम्झनु पर्छ ।**

(ग) "कार्यालय प्रमुख" भन्नाले कार्यालयको प्रमुख भई कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ र सो शब्दले विभागीय प्रमुखलाई समेत जनाउँछ ।

♣**(ग१) "केन्द्रीय निकाय" भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा केन्द्रीय निकाय भनी तोकेका प्रदेश सरकारका निकाय सम्झनु पर्छ ।**

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

---

♣ पहिलो संशोधनद्वारा थप

(ङ) "परिवार" भन्नाले प्रदेश निजामती कर्मचारीसँग बस्ने तथा निज आफैंले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

(च) "तलब" भन्नाले यस ऐन बमोजिम प्रदेश निजामती कर्मचारीको तलब रकम सम्झनु पर्छ र सो शब्दले तलब वृद्धि समेतलाई जनाउँछ ।

(छ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ज) "प्रदेश किताबखाना" भन्नाले प्रदेश निजामती कर्मचारी तथा प्रदेश अन्य सरकारी सेवा तथा स्थानीय सेवाका कर्मचारीको अभिलेख राख्ने निकाय सम्झनु पर्छ ।

(झ) "प्रदेश निजामती कर्मचारी" भन्नाले प्रदेश निजामती सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।

(ञ) "प्रदेश निजामती सेवा" भन्नाले दफा ४ बमोजिम गठित प्रदेश निजामती सेवा सम्झनु पर्छ।

♣(ञ१) **"प्रदेश सचिव" भन्नाले प्रदेश सरकारको मन्त्रालयको सचिवको रूपमा कार्यरत एघारौं तहको अधिकृत सम्झनु पर्छ र सो शव्दले प्रदेश सचिवको पदपूर्ति नभएसम्म नेपाल सरकारबाट प्रदेश सचिवको रूपमा खटी आएको कर्मचारीलाई समेत जनाउँछ ।**

(ट) "प्रदेश सरकार" भन्नाले प्रदेश सरकार (मन्त्रिपरिषद्) सम्झनु पर्छ ।

♣(ट१) **"प्रमुख सचिव" भन्नाले नेपाल सरकारबाट खटी आएको राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहको कर्मचारी सम्झनु पर्छ ।**

(ठ) "विभागीय प्रमुख" भन्नाले तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ड) "विशेषज्ञ पद" भन्नाले विशेष प्रकृतिको काम, कर्तव्य र उत्तरदायित्व भएको र विशेष योग्यता चाहिने पद सम्झनु पर्छ ।

♣(ड१) **"समायोजन" भन्नाले समायोजन ऐन बमोजिमको कर्मचारी समायोजन सम्झनु पर्छ ।**

♣(ड२) **"समायोजन ऐन" भन्नाले समायोजन ऐन सम्झनु पर्छ ।**

(ढ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिगेरेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.), ग्रीन कार्ड, आधार कार्ड वा विदेशी मुलुकको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति

---

♣ पहिलो संशोधनद्वारा थप

सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(ण) "स्थायी पद" भन्नाले निवृत्तभरण तथा योगदानमा आधारित निवृत्तभरण पाउने र म्याद नतोकिएको प्रदेश निजामती सेवाको पद सम्झनु पर्छ ।

## परिच्छेद– २

## प्रदेश निजामती सेवाको गठन

३. [ϒ]**प्रदेश कर्मचारी प्रशासन सम्बन्धी केन्द्रीय निकायः (१) प्रदेशको प्रशासन सञ्चालन गर्न प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त तथा कर्मचारीको व्यवस्थापनका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेशको केन्द्रीय कर्मचारी निकायको रूपमा काम गर्नेछ।**

**(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएको विषय बाहेक प्रदेश निजामती कर्मचारी प्रशासनसम्बन्धी काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नीतिगत स्वीकृति बिना गर्न पाइने छैन।**

४. **प्रदेश निजामती सेवाको गठनः** (१) प्रदेश निजामती सेवा अन्तर्गत देहाय बमोजिमका सेवाहरू रहनेछन्ः-

(क) प्रदेश आर्थिक योजना तथा तथ्याङ्क सेवा

(ख) प्रदेश इन्जिनियरिङ्ग सेवा

(ग) प्रदेश कृषि सेवा

[♣]**(ग१) प्रदेश न्याय सेवा**

(घ) प्रदेश प्रशासन सेवा

(ङ) प्रदेश वन सेवा

(च) प्रदेश शिक्षा सेवा

(छ) प्रदेश स्वास्थ्य सेवा

(ज) प्रदेश विविध सेवा

(२) उपदफा (१) बमोजिम गठित सेवामा तोकिए बमोजिमका समूह वा उपसमूह रहनेछन् ।

(३) उपदफा (१) बमोजिम गठित सेवाका समूह वा उपसमूहमा रहने पदहरुका लागि चाहिने न्यूनतम योग्यता तोकिए बमोजिम हुनेछ ।

---

ϒ पहिलो संशोधनद्वारा संशोधित

♣ पहिलो संशोधनद्वारा थप

५. **[Y]प्रदेश निजामती सेवामा रहने तहः** (१) प्रदेश निजामती सेवामा देहाय बमोजिमका तहहरू रहनेछन्ः-

| अधिकृत तह | | सहायक तह |
|---|---|---|
| (क) | एघारौं | पाँचौं |
| (ख) | दशौं | चौथो |
| (ग) | नवौं | |
| (घ) | आठौं | |
| (ङ) | सातौं | |
| (च) | छैटौं | |

(२) प्रदेश निजामती सेवामा विभिन्न तहमा तोकिए बमोजिमका प्राविधिक तथा अप्राविधिक पदहरू रहनेछन्।

(३) प्रदेश सरकारलाई आवश्यक पर्ने वन रक्षक, सशस्त्र वन रक्षक जस्ता पदमा स्थायी पदपूर्ति गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिमको पदमा पदपूर्ति गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) प्रदेश निजामती सेवाका सम्बन्धित सेवा समूहमा रहने तह र सोको पदनाम तोकिए बमोजिम हुनेछ।

६. **≠*******

७. **कार्य विवरण ♣र कार्यसम्पादन सम्झौता:** (१) प्रदेश सरकारले स्वीकृत गरेको संगठनको कार्य विवरणको आधारमा प्रत्येक निकायले प्रत्येक पदको कार्य विवरण बनाई लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य विवरणमा पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यतासमेत स्पष्ट रूपमा किटान गरिएको हुनु पर्नेछ ।

(३) प्रदेश निजामती कर्मचारीलाई कुनै पदमा पदस्थापन गर्दा दिइने पत्रसँगै निजको कार्य विवरण र कार्य विवरण अनुसारको कामको मूल्याङ्कन गर्ने सूचकाङ्क समेत उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम उपलब्ध गराइएको कार्य विवरणको आधारमा प्रदेश निजामती कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरी काममा लगाउन सकिनेछ ।

तर आयोजना प्रमुख र कार्यालय प्रमुखसँग अनिवार्य रुपमा कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।

≠(५) *****

---

Y पहिलो संशोधनद्वारा संशोधित

≠ पहिलो संशोधनद्वारा हटाइएको

♣ पहिलो संशोधनद्वारा थप

(६) कार्य विवरणसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद– ३
## प्रदेश निजामती सेवाको पदपूर्ति

८. **दरबन्दी सिर्जनाः** (१) प्रदेश निजामती सेवामा रहने पदहरूको दरबन्दी तोकिए बमोजिम सिर्जना हुनेछ ।

(२) कुनै सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना तयार गर्दा वा नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको संगठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा सम्बन्धित मन्त्रालयले कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण, सोको औचित्य र उपलब्ध मानव स्रोतसमेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालयको सहमति लिई स्वीकृतिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त सहमतिको आधारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सोको मूल्याङ्कन गरी पैंतीस दिनभित्र स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेश गर्नेछ ।

तर संगठन संरचना र दरबन्दी हेरफेर भएको अवस्थामा त्यस्तो हेरफेर भएको संगठन संरचना र दरबन्दीको मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन पेश गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम प्रदेश सरकारबाट संगठन संरचना र दरबन्दी स्वीकृत भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश किताबखानामा पद दर्ता गरी सोको जानकारी सम्बन्धित मन्त्रालय वा प्रादेशिक निकायमा दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम कुनै नयाँ पद सिर्जना भएकोमा उपदफा (४) बमोजिम प्रदेश किताबखानामा पद दर्ता भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा स्थायी दरबन्दी सृजना गरिने छैन । यस्ता आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा अस्थायी दरबन्दी रहन सक्नेछ ।

तर त्यस्ता आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा रहेको अस्थायी दरबन्दीमा खटिएका वा काजमा गएका कर्मचारीको पद रिक्त मानी स्थायी पदपूर्ति गरिने छैन ।

(७) यस दफा बमोजिम सिर्जना भएको स्थायी पदमा नियुक्त वा बढुवा भएको प्रदेश निजामती कर्मचारीलाई पुल दरबन्दी वा अन्य कुनै किसिमले कुनै स्थानमा पदाधिकार राखी कुनै निकायमा खटाइएको वा नियुक्त गरिएको कारणले मात्र त्यस्तो दरबन्दी रिक्त मानी कुनै पनि व्यहोराले पदपूर्ति गरिने छैन ।

(८) यस दफा विपरीत दरबन्दी सिर्जना गरी पूर्ति गरिएको पद स्वतः खारेज हुनेछ र यस दफा विपरीत दरबन्दी सिर्जना गरी पदपूर्ति गर्ने अख्तियारवालाबाट त्यसरी पदपूर्ति गरिएको व्यक्तिले खाएको तलब सुविधा लगायतको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

[१](९) **सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ को दफा ५ बमोजिमको सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले प्रदेश सरकारसँग समन्वय गरी प्रदेश सभामा रहने कर्मचारीको दरबन्दी निर्धारण गर्नु पर्नेछ।**

९. [१]**<u>प्रदेश निजामती सेवाको पदपूर्तिः</u>** (१) प्रदेश निजामती सेवाको रिक्त पदमा देहाय बमोजिम पूर्ति गरिनेछः–

| तह | | खुला प्रतियोगिताद्वारा | अन्तर तह प्रतियोगिता द्वारा | बढुवा | | |
|---|---|---|---|---|---|---|
| | | | | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा | कार्यक्षमताको मूल्याङ्कन द्वारा | आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा |
| (क) | तह विहिन (वन रक्षक, सशस्त्र वन रक्षक) | १००% | - | - | - | - |
| (ख) | सहायक चौथो | ८०% | - | - | - | २०% |
| (ग) | सहायक पाँचौं | ५०% | ५% | २०% | २०% | ५% |
| (घ) | अधिकृत सातौं | ५०% | ५% | २०% | २०% | ५% |
| (ङ) | अधिकृत नवौं | २०% | १०% | ३०% | ३०% | १०% |
| (च) | अधिकृत एघारौं | - | - | २०% | ८०% | - |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्वास्थ्य सेवाका पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः-

| | तह | खुला प्रतियोगिताद्वारा | अन्तर तह प्रतियोगिताद्वारा | बढुवा | | |
|---|---|---|---|---|---|---|
| | | | | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा | कार्यक्षमताको मूल्याङ्कनद्वारा | आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा |
| (क) | सहायक चौथो | १००% | - | - | - | - |
| (ख) | सहायक पाँचौं | ६५% | - | १५% | २०% | - |
| (ग) | अधिकृत सातौं (चिकित्सक बाहेक) | ६५% | १०% | १५% | १०% | |

[१] पहिलो संशोधनद्वारा संशोधन

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | - |
| (घ) | अधिकृत आठौं (चिकित्सक) | १००% | - | - | - | - |
| (ङ) | अधिकृत नवौं | २०% | १०% | ३०% | ३०% | १०% |
| (च) | अधिकृत एघारौं | - | - | २०% | ८०% | - |

(३) दफा ४ को उपदफा (१) को खण्ड (ग१) बमोजिमको सेवामा प्रदेशबाट पदपूर्ति नभएसम्मको लागि उक्त सेवाको रिक्त पदमा संघीय कानुन बमोजिम पदपूर्ति हुनेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा रिक्त पद देहाय बमोजिम पूर्ति गरिनेछः-

(क) ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि छुट्याइएको सबै वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पदपूर्ति हुन नसकेमा त्यस्तो बाँकी पद सोही वर्षको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाद्वारा,

(ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि छुट्याइएको सबै वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पदपूर्ति हुन नसकेमा त्यस्तो बाँकी पद सोही वर्षको खुला प्रतियोगितात्मक परीक्षाद्वारा,

(ग) आन्तरिक प्रतियोगिता वा अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति गर्न छुट्याइएको सबै वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पदपूर्ति हुन नसकेमा त्यस्तो बाँकी पद सोही वर्षको खुला प्रतियोगिताद्वारा,

(घ) एक तहमुनिको पद नभएको सेवा, समूह वा उपसमूहको पदमा रिक्त सबै पद खुला प्रतियोगिताद्वारा।

(५) यस दफा बमोजिम पदपूर्तिको लागि पदसङ्ख्या निर्धारण गरी आयोगले विज्ञापन प्रकाशन गर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको न्यूनतम शैक्षिक योग्यता र बढुवाका लागि आवश्यक पर्ने सेवा अवधि पूरा गरेका सहायक पाँचौं तहमा स्थायी नियुक्ति भएका र समायोजन ऐन अनुसार साविकको नेपाल विविध सेवाबाट प्रदेशमा समायोजन भई आएका माथिल्लो तहको पद नभएका कर्मचारी र साविकको राजपत्र अनंकित प्रथम श्रेणीको कम्प्युटर अपरेटर पदबाट समायोजन ऐन बमोजिम समायोजन भई प्रदेशमा कार्यरत कर्मचारीसमेत प्रदेश प्रशासन सेवाको सामान्य प्रशासन समूहको सोभन्दा माथिल्लो तहमा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुनेछन्।

(७) उपदफा (१) र (२) बमोजिमको बढुवाद्वारा पदपूर्ति गरिने पदमा प्रदेश निजामती सेवामा बहाल रहेका सम्बन्धित सेवा, समूह वा उपसमूहको एक तहमुनि वा सो

सरहको पदमा दफा २९ बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पूरा गरेको कर्मचारी उम्मेदवार हुन सक्नेछन्।

(८) उपदफा (१) र (२) मा उल्लिखित अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदमा संघीय निजामती सेवा, प्रदेश निजामती सेवा बाहेकका अन्य प्रदेशका प्रदेश निजामती सेवा र जुनसुकै स्थानीय तहको स्थानीय सेवाको एक श्रेणी वा तहमुनिको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेका र पूर्ति हुने पदका लागि तोके बमोजिमको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन्।

(९) उपदफा (१) को खण्ड (ख) मा उल्लिखित आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदमा संघीय निजामती सेवाबाट समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका सहायक चौथो तहको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पूरा गरेका चौथो तहभन्दा मुनिको पदमा कार्यरत कर्मचारी बिच प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ङ) र उपदफा (२) को खण्ड (ङ) बमोजिम खुला प्रतियोगिताद्वारा पूर्ति गरिने अधिकृत नवौं तहको पदको लागि चाहिने न्यूनतम योग्यता सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृत तहको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

तर विद्यावारिधिस्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।

(११) प्रदेश निजामती सेवाको पदपूर्ति सम्बन्धी अन्य व्यवस्था र विशेषज्ञ पदको पदपूर्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. [१]**पदपूर्ति सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रदेश निजामती सेवालाई समावेशी बनाउन दफा ९ को उपदफा (१) र (२) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बिचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

| | | |
|---|---|---|
| (क) | महिला | ३३ प्रतिशत |
| (ख) | दलित | १५ प्रतिशत |
| (ग) | थारू/राना थारू | १५ प्रतिशत |

[१] पहिलो संशोधनद्वारा संशोधित

| | | |
|---|---|---|
| (घ) | आर्थिक रूपले विपन्न खस आर्य | १२ प्रतिशत |
| (ङ) | पिछडिएको क्षेत्र | १० प्रतिशत |
| (च) | आदिवासी/जनजाति | ७ प्रतिशत |
| (छ) | अपाङ्गता भएका व्यक्ति | ५ प्रतिशत |
| (ज) | मधेसी | २ प्रतिशत |
| (झ) | मुस्लिम | १ प्रतिशत |

**<u>स्पष्टीकरणः</u>**

(१) उपदफा (१) को खण्ड (घ) को प्रयोजनका लागि "आर्थिक रूपले विपन्न खस आर्य" भन्नाले प्रचलित कानुन बमोजिम गरिबीको परिचयपत्र प्राप्त गरेको वा त्यसरी परिचयपत्रको व्यवस्था नभएसम्मको लागि कानुन बमोजिम तोकिए भन्दा कम वार्षिक आय भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको खस आर्य समुदायको व्यक्ति सम्झनु पर्छ।

(२) उपदफा (१) को खण्ड (ङ) को प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले संघीय कानुनले तोके बमोजिमको स्थान सम्झनु पर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र पाउनेछ।

(३) यस दफा बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घाताङ्क आएमा त्यस्तो घाताङ्क जुन समूहको हकमा आएको हो, सोभन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ।

(४) यस दफा बमोजिम छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नुपर्नेछ।

(५) यस दफा बमोजिम निर्धारण गरिएको प्रतिशतद्वारा पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम पद सङ्ख्या निर्धारण गर्दा कुनै विवाद उत्पन्न भएमा आयोगको निर्णय अन्तिम हुनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास प्रकृतिको कार्य वा पदका लागि महिलाले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पद तोक्न सक्नेछ।

***१०क. <u>समान तहमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन नपाउने</u>:** (१) संघीय सेवा वा जुनसुकै प्रदेश वा जुनसुकै स्थानीय सेवाको समान तहको पदमा कार्यरत कर्मचारी प्रदेश निजामती सेवाको खुला वा

---

* पहिलो संशोधनद्वारा थप

अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुने तह वा पदको समान तहमा प्रतिस्पर्धा वा उम्मेदवार हुन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्वास्थ्य सेवाको हकमा संघीय स्वास्थ्य सेवा ऐन बमोजिम हुनेछ ।

११. **पदपूर्तिको माग गर्नेः** (१) प्रदेश निजामती सेवाको कुनै पद रिक्त भएमा सम्बन्धित कार्यालयले त्यसरी पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र सोको विवरण आफूभन्दा माथिल्लो निकाय समक्ष पठाउनु पर्नेछ । सो अवधिभित्र विवरण नपठाउने पदाधिकारीलाई विभागीय सजाय हुनेछ ।

(२) उपदफा (१) बमोजिम रिक्त पदको जानकारी प्राप्त भएपछि सो निकायले सरूवाद्वारा पूर्ति गर्न सकिने भए पूर्ति गर्ने र नसकिने भए अधिकृत सातौं तह देखि माथिको पदको हकमा सेवा सञ्चालन गर्ने निकाय मार्फत माग फाराम भरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ र सहायक कर्मचारीको हकमा पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा पठाउनु पर्नेछ ।

(३) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सातौं तहदेखि माथिको तहको रिक्त पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा प्रदेश लोकसेवा आयोगमा पुग्ने गरी पदपूर्तिको लागि माग पठाई सेवा सञ्चालन गर्ने निकायलाई समेत जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश निजामती सेवाको पदपूर्तिको लागि माग गर्दा उपदफा (१) बमोजिम रिक्त हुन आएका पद र सो आर्थिक वर्षभित्र अनिवार्य अवकाश तथा बढुवाबाट रिक्त हुने पद समेत यकिन गरी माग गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम सम्बन्धित माथिल्लो निकायबाट प्रदेश लोक सेवा आयोगमा माग गर्न लेखी आएपछि सम्बन्धित कार्यालयले प्रदेश लोकसेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा माग आकृति फाराम भरी प्रदेश लोकसेवा आयोगमा पठाउनु पर्नेछ र सोको जानकारी सम्बन्धित माथिल्लो निकायमा पठाउनु पर्नेछ ।

१२. [४]**पदपूर्तिमा बन्देजः** (१) प्रदेश निजामती सेवाको कुनै पनि पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन।

(२) उपदफा (१) विपरीत गरिएको नियुक्ति स्वतः बदर भएको मानिनेछ र त्यसरी नियुक्त भएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा नियुक्त गर्ने अधिकारीबाट असुलउपर गरिनेछ।

(३) प्रदेश निजामती सेवाको स्थायी पदमा नियुक्त वा बढुवा भएको कर्मचारीलाई पुल दरबन्दी वा अन्य कुनै किसिमले कुनै स्थानमा पदाधिकार राखी कुनै निकायमा खटाइएको वा नियुक्त गरिएको वा यस ऐन बमोजिम स्वीकृत अस्थायी दरबन्दीमा काज वा अन्य रूपले खटाइएको कारणले मात्र त्यस्तो दरबन्दी रिक्त मानी कुनै पनि ब्यहोराले पदपूर्ति गर्न पाइने छैन। प्रदेश निजामती सेवाको कुनै पनि पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन ।

---

[४] पहिलो संशोधनद्वारा संशोधित

१३. [Ɏ]**ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने:** (१) यो ऐन प्रारम्भ भएपछि कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन।

(२) उपदफा (१) विपरीत कसैले कुनै व्यक्तिलाई नियुक्ति गरेमा त्यसरी नियुक्ति पाएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने अधिकारीबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

(३) प्रदेश स्वास्थ्य सेवा जस्तो अत्यावश्यक सेवाका पदमा स्थायी पदपूर्तिबाट मात्रै सेवा प्रवाह गराउन नसकिएको बिशेष परिस्थितिमा प्रदेशको अर्थ हेर्ने मन्त्रालयको सहमति लिई सेवा करार वा ज्यालादारीमा पदपूर्ति गर्न सकिनेछ।

(४) प्रदेश स्वास्थ्य सेवाका चिकित्सक वा अन्य स्वास्थ्यकर्मी अध्ययन वा असाधारण बिदामा रहेको अवस्थामा दैनिक सेवा प्रवाहमा बाधा उत्पन्न भएको अवस्थामा प्रदेशको अर्थ हेर्ने मन्त्रालयको सहमति लिई निजको बिदा अवधिभर उक्त पदमा सेवा करार वा ज्यालादारीमा पदपूर्ति गर्न सकिनेछ।

(५) कार्यालय सहयोगी, हलुका सवारी चालक, हेभी सवारी चालक पदको स्वीकृत दरबन्दी रिक्त भएको अवस्थामा कार्यालयलाई अति आवश्यक भएमा मात्र उक्त पदमा प्रचलित कानुन बमोजिम सेवा करारबाट पदपूर्ति गर्न सकिनेछ।

१४. **प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने:** [Ɏ]**(१) खुला प्रतियोगिता, अन्तर तह प्रतियोगिता र आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिने पदमा आयोगको सिफारिसमा नियुक्ति गरिनेछ ।**

(२) निजामती सेवाको कुनै रिक्त पदमा अस्थायी नियुक्ति गर्नुपर्ने भएमा सम्बन्धीत मन्त्रालयले प्रदेश लोकसेवा आयोगमा लेखि पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखि आएमा प्रदेश लोकसेवा आयोगले योग्यताक्रमको सूचीमा रहेका व्यक्तिलाई सम्बन्धित मन्त्रालयको मागको आधारमा अस्थायी नियुक्ति गर्न नाम सिफारीस गरि पठाउनेछ ।

(४) उपदफा (३) बमोजिम सिफारीस भएका व्यक्तिलाई बढीमा ६ महिनाको लागि सम्बन्धित मन्त्रालयले अस्थायी नियुक्ति गर्नेछ ।

(५) उपदफा (४) बमोजिम अस्थायी नियुक्ति गरेको जानकारी सम्बन्धित मन्त्रालयले ७ (सात) दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनुपर्नेछ ।

(६) यस दफा विपरित कसैले अस्थायी नियुक्ति गरेमा त्यस्तो नियुक्ति भएको निजामती कर्मचारीले खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१५. **नियुक्ति र पदस्थापन:** (१) प्रदेश निजामती सेवाको अधिृकत एघारौं तह वा सो भन्दा माथिको तहको पदमा प्रदेश सरकार, अधिकृत नवौं र दशौं तहको पदमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

---

Ɏ पहिलो संशोधनद्वारा संशोधित

तथा अधिकृत छैठौं, सातौं र आठौं तहको पदमा नियुक्ति तथा पदस्थापन सेवा समूह सञ्चालन गर्ने मन्त्रालयले गर्नेछ। यसरी गरिएको नियुक्ति तथा पदस्थापनको सूचना प्रदेश राजपत्रमा प्रकाशित गरिनेछ ।

(२) प्रदेश निजामती सेवाको सहायकस्तर पाचौं तहभन्दा मुनिको पदमा विभागीय प्रमुख वा कार्यालय प्रमुखले नियुक्ति गर्न सक्नेछ ।

(३) प्रदेश निजामती कर्मचारीको पदस्थापन गर्दा प्रदेश लोक सेवा आयोग वा बढुवा समितिले सिफारिस गरेको एकमुष्ठ योग्यताक्रमका आधारमा गरिनेछ ।

(४) प्रदेश निजामती कर्मचारीको नियुक्ति र पदस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **व्यक्तिगत विवरण (सिटरोल):** (१) प्रदेश निजामती सेवामा नियुक्ति भएका कर्मचारीले नियुक्ति भएको एक महिनाभित्र आफ्नो व्यक्तिगत विवरण तयार गरी कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ । त्यस्तो व्यक्तिगत विवरण सम्बन्धित कार्यालय प्रमुखले प्राप्त गरेको पन्ध्र दिनभित्र सम्बन्धित कर्मचारी मार्फत प्रदेश किताबखानामा पठाउनु पर्नेछ ।

(२) प्रदेश किताबखानाले व्यक्तिगत विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दर्ता गरी अभिलेख राखी सम्बन्धित कर्मचारीलाई संकेत नम्बर उपलब्ध गराउनु पर्नेछ । त्यस्तो संकेत नम्वर कर्मचारीको सरुवा, बढुवा लगायतका पत्राचारमा प्रयोग गरिनेछ ।

(३) कर्मचारीको व्यक्तिगत विवरण दुरुस्त राख्न लगाउने जिम्मेवारी सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखको हुनेछ ।

(४) आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ।

(५) संघबाट प्रदेशमा समायोजन भई आएका कर्मचारीको हकमा राष्ट्रिय किताबखानाबाट त्यस्ता कर्मचारीको विवरण माग गरी प्रदेश किताबखानाले अद्यावधिक गर्नु पर्नेछ ।

१७. ϒ**उम्मेदवार हुनको लागि अयोग्यताः** देहायको व्यक्ति प्रदेश निजामती सेवाको पदमा उम्मेदवार हुन सक्ने छैनः-

(क) सहायक तहको पदमा अठार वर्ष उमेर पूरा नभएको,

(ख) अधिकृत तहको पदमा एक्काईस वर्ष उमेर पूरा नभएको,

(ग) पुरुष उम्मेदवारको हकमा पैंतीस वर्ष, महिला वा अपाङ्गता भएका उम्मेदवारको हकमा चालीस वर्ष उमेर पूरा भएको,

तर,

(१) प्रदेश स्वास्थ्य सेवाको पदमा पैंतालीस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ।

ϒ पहिलो संशोधनद्वारा संशोधित

(२) प्रदेश स्वास्थ्य सेवा बाहेक अन्य सेवाको अधिकृत नवौं तहको खुला प्रतियोगितामा पैंतालीस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ।

(३) प्रदेश निजामती सेवा, संघीय निजामती सेवा, अन्य प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

(घ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(ङ) गैर नेपाली नागरिक,

(च) स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(छ) तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल नगरेको,

(ज) भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्ध जासुसी, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पूरातात्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, सरकारी धनमाल चोरी वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(झ) प्रदेश निजामती सेवा, संघीय निजामती सेवा, अन्य प्रदेशको प्रदेश निजामती सेवा वा स्थानीय सेवाको समान तहको पदमा कार्यरत रहेको।

१८. **पदाधिकार र जिम्मेवारी:** (१) देहायको अवस्थामा प्रदेश निजामती कर्मचारीको आफ्नो पदमाथिको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरिरहँदासम्म,

(ख) अर्को पदमा सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

(ग) बिदामा रहेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) काजमा खटिएको अवधिभर,

(च) कुनै पदमा कायम मुकायम भई काम गरेको अवधिभर ।

(२) देहायको अवस्थामा बाहेक कुनै प्रदेश निजामती कर्मचारीलाई पदीय जिम्मेवारी नदिई साठी दिनभन्दा बढी अवधिसम्म राख्न सकिने छैन :-

(क) बिदामा रहेकोमा,

(ख) निलम्बन भएकोमा,

(ग) सेवा समूह अनुसारको पद वा दरबन्दी नभई फाजिलमा परेकोमा ।

(३) उपदफा (२) विपरीत कुनै प्रदेश निजामती कर्मचारीलाई पदीय जिम्मेवारी नदिई राखेमा जिम्मेवारी दिई काममा लगाउनु पर्ने दायित्व भएको पदाधिकारीलाई विभागीय सजाय हुनेछ ।

१९. **<u>कायम मुकायम र निमित्तः</u>** (१) प्रदेश प्रमुख सचिव, प्रदेश सचिव, कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा बहालवाला कर्मचारी पन्ध्र दिनभन्दा बढी समयसम्म बिदामा बसेमा वा प्रचलित कानून बमोजिम कारबाहीमा परेमा सो पदमा तत्काल काम चलाउन समानस्तरको वा बढुवाको लागि योग्यता पुगेको एक तह मुनिको कर्मचारीलाई बढीमा ६ महिनाको लागि कायम मुकायम मुकरर गर्न सकिनेछ

(२) उपदफा (१) बमोजिमको शर्त विपरीत कुनै कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असूलउपर गरिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिसकेपछि अन्य कर्मचारीलाई पुनः सोही पदमा कायम मुकायम मुकरर गर्न सकिने छैन ।

(४) कुनै कार्यालयको प्रमुख कुनै कारणले कार्यालयमा अनुपस्थित भएमा कार्यालयको कर्मचारीमध्ये निकटतम वरिष्ठ कर्मचारीले निजको निमित्त भई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ ।

<u>स्पष्टीकरणः</u> यस उपदफाको प्रयोजनको लागि "दैनिक कार्य सञ्चालन" भन्नाले आर्थिक दायित्व पर्ने कार्य, अर्धन्यायिक प्रकृतिको कार्य र कार्यालय प्रमुखले आफैंले गर्नुपर्ने कार्यबाहेक त्यस्तो पदले दैनिक रुपमा सम्पादन गर्नुपर्ने सामान्य प्रशासनिक कार्य सम्झनु पर्छ ।

♣**१९क. <u>निरोगिताको प्रमाणपत्र पेस गर्नु पर्नेः</u>** (१) प्रदेश निजामती सेवामा नियुक्तिको लागि सिफारिस भएको व्यक्तिले तोकिए बमोजिमको ढाँचामा निरोगिताको प्रमाणपत्र पेस नगरेसम्म निजलाई प्रदेश निजामती सेवाको पदमा नियुक्त गरिने छैन।

(२) निरोगिताको प्रमाणपत्र नेपाल सरकार वा प्रदेश सरकारद्वारा स्वीकृत चिकित्सकबाट प्राप्त भएको हुनु पर्नेछ।

२०. **<u>शपथ ग्रहणः</u>** पहिलोपटक नियुक्ति भई आफ्नो कार्यभार सम्हाल्नुअघि प्रत्येक प्रदेश निजामती कर्मचारीले तोकिए बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ ।

२१. **<u>परीक्षणकालः</u>** (१) प्रदेश निजामती सेवाको स्थायी पदमा नयाँ नियुक्ति गर्दा महिला कर्मचारीको हकमा छ महिना र पुरुष कर्मचारीको हकमा एक वर्षको परीक्षणकालमा रहने गरी गरिनेछ ।

♈(२) परीक्षणकालमा निजको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ। यसरी नियुक्ति बदर नगरिएका कर्मचारीको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतः सदर भएको मानिनेछ।

तर संघीय निजामती सेवा, जुनसुकै प्रदेशको निजामती सेवा र जुनसुकै स्थानीय तहको सेवाको कुनै पदमा स्थायी नियुक्ति भई परीक्षणकाल भुक्तान गरिसके पश्चात् सेवालाई अविच्छिन्न राखी अर्को पदमा स्थायी नियुक्ति भई रमाना लिई आएमा त्यस्तो कर्मचारीलाई पुनः परीक्षणकालमा राखिने छैन।

---

♣ पहिलो संशोधनद्वारा थप

♈ पहिलो संशोधनद्वारा संशोधित

≠(३) ******** ।

२२. ϒ**प्रदेश सचिवको पदावधिः** प्रदेश सचिवको पदावधि पाँच वर्षको हुनेछ ।

## परिच्छेद– ४

## जिम्मेवारी र उत्तरदायित्व

२३. **कार्यालय प्रमुखको जिम्मेवारीः** कार्यालय प्रमुख देहायका विषयमा जिम्मेवार हुनु पर्नेछः-

(क) आफ्नो कार्यालयको कामलाई स्वच्छ, निष्पक्ष र पारदर्शी बनाई सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने,

(ख) आफ्नो कार्यालयमा व्यवस्थित र नियमित आन्तरिक नियन्त्रण प्रणाली कायम गर्ने

(ग) कार्यालयमा ढिलासुस्ती, अनियमितता, अनुशासनहीनता र लापरवाही हुन नदिने,

(घ) सेवा प्रवाहको लागि आवश्यक स्रोत साधनको व्यवस्था मिलाउने,

(ङ) सेवाप्रवाहमा निरन्तर सुधार, सृजनशीलता र नवप्रवर्तनको पहल र प्रोत्साहन गर्ने।

२४. **प्रदेश निजामती कर्मचारीको जवाफदेहीताः** (१) प्रदेश निजामती कर्मचारीले सेवाग्राहीप्रति शिष्ट र मर्यादित व्यवहारका साथ जवाफदेहीपूर्वक कार्यसम्पादन गर्नु पर्नेछ ।

(२) प्रदेश निजामती कर्मचारीको लापरवाही वा ढिलासुस्तीको कारणले सेवाग्राहीलाई हानि नोक्सानी पुग्न गएमा त्यसको क्षतिपूर्ति सम्बन्धित कर्मचारीले व्यहोर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **प्रदेश निजामती कर्मचारीको उत्तरदायित्वः** सरकारी कामको सिलसिलामा प्रदेश निजामती कर्मचारीले संविधान र कानूनको पूर्ण परिपालना गरी देहाय बमोजिमको उत्तरदायित्व बहन गर्नु पर्नेछ :-

(क) आफूलाई अख्तियारी दिने अधिकारी वा कार्यालय प्रमुखप्रति,

(ख) आफूले गरेको निर्णय वा प्रवाह गरेको सेवाबाट प्रभावित हुने सरोकारवाला वा सेवाग्राहीप्रति ।

## परिच्छेद-५

## सरुवा र काज

२६. **सरुवा गर्ने अधिकारः** (१) प्रदेश निजामती कर्मचारीलाई प्रदेशको विभिन्न स्थानको अनुभव समेत दिलाउनका लागि उपदफा (४) बमोजिम सरुवा गरिनेछ र त्यस्तो सरुवा गर्ने अधिकार अख्तियारवालालाई हुनेछ ।

---

≠ पहिलो संशोधनद्वारा हटाइएको

ϒ पहिलो संशोधनद्वारा संशोधित

तर एक मन्त्रालय वा अन्तर्गतको कार्यालयको प्रदेश निजामती कर्मचारीलाई अर्को मन्त्रालय र अन्तर्गतको कार्यालयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरुवा गर्नेछ ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ≠******* एघारौं तहका कर्मचारीको सरुवा वा पदस्थापना प्रदेश सरकारले गर्नेछ । अधिकृत दशौं र नवौं तहका कर्मचारीको सरुवा वा पदस्थापना मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ ।

(३) आफ्नो मन्त्रालय र मातहतको कार्यालयमा कार्यरत अधिकृतस्तर आठौं तह र सोभन्दा मुनिका कर्मचारीको सरुवा वा पदस्थापना सम्बन्धित मन्त्रालयले गर्नेछ ।

(४) ≠******* एघारौं तहका कर्मचारीलाई समान्यतया कम्तीमा एक वर्ष र सोभन्दा मुनिका कर्मचारीलाई दुई वर्ष पूरा नभई सरुवा गरिने छैन ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिए भए तापनि प्रदेश प्रशासन सेवा अन्तर्गत लेखा समूह र राजश्व समूहका अधिकृतस्तर आठौं तह र सोभन्दा मुनिका कर्मचारीको सरुवा आर्थिक मामिला मन्त्रालयले गर्नेछ ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा प्रदेश निजामती कर्मचारीलाई निजको सरुवा पत्रमा तोकिएको अवधि नपुग्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिई सरुवा गर्न सकिनेछः–

(क) कुनै स्थानमा कार्यरत प्रदेश निजामती कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने कुरा प्रदेश सरकारद्वारा तोकिएको मेडिकल बोर्डले सिफारिस गरेमा,

(ख) कुनै प्रदेश निजामती कर्मचारीलाई विशेष जिम्मेवारी दिनु परेमा,

(ग) कुनै प्रदेश निजामती कर्मचारीलाई विभागीय सजाय गर्नु परेमा,

(घ) कुनै प्रदेश निजामती कर्मचारीलाई निज कार्यरत कार्यालयमा राखी राख्न उपयुक्त नभएमा,

(ङ) प्रदेश निजामती सेवाको कुनै दरबन्दी कटौती भई सो दरबन्दीमा कार्यरत कर्मचारी फाजिलमा परेको र निजलाई सोही जिल्लास्थित अन्य कार्यालयमा समेत समायोजन गर्न सक्ने अवस्था नरहेमा ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन बिदामा रहेको वा स्वतः निलम्बनमा रहेको वा छ महिनाभन्दा बढी अवधिसम्म अन्य कुनै बिदामा रहेको वा तीन महिनाभन्दा बढी अवधि अन्यत्र काजमा खटिएको वा कुनै खास कामको लागि वा कुनै खास आयोजना कार्यान्वयन गर्नको लागि खटाइएको प्रदेश निजामती कर्मचारी कार्यालय प्रमुख वा विभागीय प्रमुख भए पदाधिकार

≠ पहिलो संशोधनद्वारा झिकिएको

रहेको मन्त्रालयको सिफारिसमा सो अवधिभर विशेष पद सिर्जना गरी त्यस्तो पदको कर्मचारीको पदाधिकार प्रादेशिक निकायमा सार्न सकिनेछ ।

(८) उपदफा (४) बमोजिमको अवधि नपुग्दै कुनै कर्मचारीलाई सरुवा गर्नु परेमा सरुवा गर्नु परेको कारण खुलाई सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(९) यस दफा विपरीत सरुवा गर्ने पदाधिकारीलाई अख्तियारवालाले विभागीय सजाय गर्नेछ र त्यस्तो सरुवा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रद्द गर्नेछ ।

तर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गरेको सरुवा भए प्रदेश सरकारले रद्द गर्नेछ।

(१०) सरुवा सम्बन्धी व्यवस्थालाई पूर्वानुमान योग्य बनाउन प्रदेश सरकारले मापदण्ड बनाउन सक्नेछ।

(११) सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. **काज सम्बन्धी व्यवस्थाः** (१) प्रदेश निजामती कर्मचारीलाई निज कार्यरत रहेको मन्त्रालय, सचिवालय, आयोग वा कार्यालयबाट अन्य स्थानमा काजमा खटाउन सकिनेछ । यसरी काज खटाउँदा एक वर्षमा तीन महिनाभन्दा बढी अवधिको लागि खटाउन पाइने छैन ।

तर तालीमको हकमा यस उपदफामा उल्लिखित अवधि लागू हुने छैन ।

(२) कुनै पनि प्रदेश निजामती कर्मचारीलाई प्रदेश निजामती सेवाको पद नभएको निकायमा र स्वीकृत अस्थायी दरबन्दीमा काजमा खटाउँदा वा काज अवधि समाप्त नहुँदै काज फिर्ता गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिनु पर्नेछ । यस्तो काजको अवधि एक पटकमा एक वर्षभन्दा बढी हुने छैन ।

तर सहायक तहका कर्मचारीलाई काजमा खटाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिनुपर्ने छैन ।

(३) निर्वाचन, लेखापरीक्षण, तथ्याङ्क संकलन, नापी टोली, खानी सर्वेक्षण, कुनै घटनाको जाँचबुझ वा छानबिन, विपद् व्यवस्थापन, महामारी र अस्थायी प्रकृतिका आयोग तथा समिति जस्ता काममा एक पटकका लागि तीन महिनाभन्दा बढी कुनै पनि कर्मचारीलाई काज खटाउनुपर्ने भएमा काज खटाउने निकायको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले काजमा खटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै मन्त्रालय, सचिवालय वा आयोगको प्रदेश निजामती कर्मचारीलाई अर्को मन्त्रालय, सचिवालय वा आयोग अन्तर्गत खटाउनु पर्ने भएमा काजमा खटिने निकायको माग र कर्मचारीको पदाधिकार रहेको निकायको सहमतिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले काजमा खटाउन सक्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि कार्यालयको विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदमा कार्यरत रहेको कर्मचारीलाई सो पदमा पदाधिकार राखी अन्यत्र निकाय वा आयोजनामा काजमा खटाइने छैन ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अतिरिक्त समूहमा पदाधिकार भएको कर्मचारीलाई सेवा, समूह मिल्ने गरी जुनसुकै निकायमा कामकाज गर्न खटाउन सक्नेछ र कुनै प्रदेश निजामती कर्मचारीको विशेषज्ञताको सेवा लिनको लागि अन्तरनिकायको कार्यमा कुनै कर्मचारीलाई कामकाज गर्न काजमा खटाउनुपर्ने भएमा कर्मचारी कार्यरत निकाय र काजमा लिने निकायको सहमतिमा बढीमा तीन महिनाको लागि प्रदेश सरकारले काजमा खटाउन सक्नेछ ।

(७) यस दफा बमोजिमको काजको अवधि समाप्त हुनासाथ सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो कर्मचारीलाई निजको पदाधिकार रहेको कार्यालयमा हाजिर हुन जानु भनी रमाना दिई पठाउनु पर्नेछ । काजको अवधिभन्दा बढी समय काज खटिएको निकायमा हाजिर गर्ने र हाजिर गराउने कर्मचारीलाई विभागीय सजाय गरिनेछ ।

(८) यस दफा बमोजिम काज अवधि समाप्त भएपछि पदाधिकार रहेको निकायमा हाजिर हुन नजाने कर्मचारीलाई त्यस्तो अवधिको तलब भत्ता भुक्तानी दिइने छैन । त्यस्तो कर्मचारीलाई तलब भत्ता भुक्तानी गरेमा त्यसरी भुक्तानी दिने कर्मचारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको माग बमोजिमको रिक्त पदमा प्रदेश निजामती कर्मचारीलाई बढीमा एक वर्ष काजमा खटाउन सकिनेछ ।

(१०) काज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## बढुवा र [γ]तहबृद्धि

२८. [γ]**बढुवा समिति** : (१) प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक प्रदेश निजामती सेवाको अधिकृत तहको पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछः-

(क) अधिकृत एघारौं र नवौं तहको पदका लागिः-

(१) आयोगको अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य – अध्यक्ष

(२) प्रदेश सचिव (कानुन), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य

(३) प्रमुख सचिवले तोकेको प्रदेश सचिव – सदस्य

(४) आयोगको अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विज्ञ – सदस्य

(५) प्रदेश सचिव (प्रशासन हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य-सचिव

(ख) अधिकृत सातौं तहको पदको लागिः-

---

γ पहिलो संशोधनद्वारा संशोधित

(१) आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य - अध्यक्ष

(२) प्रदेश सचिव (प्रशासन हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(३) प्रमुख सचिवले तोकेको प्रदेश सचिव - सदस्य

(४) आयोगको अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विज्ञ - सदस्य

(५) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयको प्रदेश सचिव -सदस्य-सचिव

(ग) सहायक पाँचौ तहको पदको लागिः-

(१) प्रदेश सचिव, सेवा समूह सञ्चालन गर्ने मन्त्रालय - अध्यक्ष

(२) अधिकृत नवौं वा दशौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(३) आयोगको अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विज्ञ - सदस्य

(४) प्रदेश लेखा नियन्त्रक - सदस्य

(५) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयको अधिकृत नवौं वा दशौं तहको कर्मचारी -सदस्य-सचिव

(२) बढुवा समितिले प्रमुख सचिव र आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (क) को उपखण्ड (५) बमोजिमको पद रिक्त भएको अवस्थामा बढुवा समितिमा प्रमुख सचिवले तोकेको प्रदेश सचिव सदस्य रहनेछ।

(४) उपदफा (१) को खण्ड (क) बमोजिमको बढुवा समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र खण्ड (ख) बमोजिमको बढुवा समितिको सचिवालय सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायमा रहनेछ।

(५) बढुवा समितिले बढुवा सिफारिस गर्दा अपनाउने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

♣२८क. **अधिकृत एघारौं तहको पदमा बढुवाः** (१) अधिकृतस्तर एघारौं तहको पदमा देहाय बमोजिम बढुवा गरिनेछः-

(क) रिक्त पदमध्ये बीस प्रतिशत पदमा दफा ४२ बमोजिम नकारात्मक सूचीमा नपरेका र सम्बन्धित सेवाको अधिकृत दशौं तह वा सो सरहको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेकामध्ये सबैभन्दा बढी सेवा अवधि भएको सम्भाव्य उम्मेदवारलाई बढुवा समितिको सिफारिसमा प्रदेश सरकारले बढुवा गर्नेछ।

---

♣ पहिलो संशोधनद्वारा थप

(ख) रिक्त पदमध्ये असी प्रतिशत पदमा दफा ४२ बमोजिम नकारात्मक सूचीमा नपरेका र कार्यसम्पादन मूल्याङ्कनको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सम्बन्धित सेवाका सम्भाव्य उम्मेदवारहरू मध्येबाट ज्येष्ठताको आधारमा बढुवा समितिले उपलब्ध भएसम्म रिक्त पदको दोब्बर सङ्ख्यामा सिफारिस गरेका उम्मेदवारहरू मध्येबाट प्रदेश सरकारले योग्यता र कार्यकुशलताको आधारमा उपयुक्त ठहराएको उम्मेदवारको बढुवा गर्नेछ।

तर कुनै सेवामा दोब्बर सङ्ख्यामा सम्भाव्य उम्मेदवार नभएको अवस्थामा सोभन्दा कम सङ्ख्यामा उम्मेदवार सिफारिस गर्न बाधा पुगेको मानिने छैन।

(ग) खण्ड (क) र (ख) बमोजिम प्रदेश निजामती सेवाको एघारौं तहमा बढुवा हुनका लागि सोभन्दा एक तहमुनिको दशौं तहमा पाँच वर्ष सेवा अवधि पूरा गरेका सम्भाव्य उम्मेदवार उपलव्ध नभएको अवस्थामा नवौं तहमा पाँच वर्ष सेवा अवधि पूरा गरेका कर्मचारी पनि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

(२) यस दफा बमोजिम पदपूर्तिको लागि पद सङ्ख्या प्रतिशत आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(३) अधिकृत एघारौं तहको कुनै पद रिक्त भएको मितिले सामान्यतः पन्ध्र दिनभित्र बढुवा प्रक्रिया सुरू गर्नु पर्नेछ र बढुवा समितिले सिफारिस गरेको पन्ध्र दिनभित्र बढुवा गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम एघारौं तहमा बढुवा भएका कर्मचारीमध्येबाट ज्येष्ठता र कार्यकुशलताको आधारमा छनौट गरी प्रदेश सरकारले सम्बन्धित सेवाको प्रदेश सचिव पदमा नियुक्ति गर्नेछ।

(५) उपदफा (४) बमोजिम प्रदेश सचिवको पदमा नियुक्त हुने कर्मचारीले प्रदेश सरकारले तोकेको उच्चस्तरीय व्यवस्थापन तालिम प्राप्त गरेको हुनु पर्नेछ।

*२८ख. **नेतृत्व मूल्याङ्कनः** अधिकृतस्तर दशौं तह वा सोभन्दा माथिको कर्मचारीको नेतृत्व मूल्याङ्कन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. [1]**बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यताः** (१) बढुवाका लागि उम्मेदवार हुने पदको तहभन्दा एक तहमुनिको पदमा बढुवाको लागि विज्ञापन हुनुभन्दा अघिल्लो असार मसान्तसम्ममा देहाय बमोजिमको सेवा अवधि पुगेको हुनु पर्नेछः-

(क) सहायक तहको पदको लागि तीन वर्ष,

(ख) अधिकृत तहको पदको लागि पाँच वर्ष।

---

* पहिलो संशोधनद्वारा थप

[1] पहिलो संशोधनद्वारा संशोधित

(२) खण्ड (ख) बमोजिम प्रदेश निजामती सेवाको नवौं तहमा बढुवा हुनका लागि सोभन्दा एक तहमुनिको आठौं तहमा पाँच वर्ष सेवा अवधि पूरा गरेका सम्भाव्य उम्मेदवार उपलव्ध नभएको अवस्थामा सातौं तहमा सेवा अवधि पाँच वर्ष पूरा गरेका कर्मचारी पनि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

तर,

समायोजन ऐन बमोजिम समायोजन भई प्रदेशमा कार्यरत कर्मचारीको हकमा अधिकृत एघारौं तहको बढुवाको लागि अधिकृत नवौं र अधिकृत दशौं तहमा गरी कम्तीमा पाँच वर्ष र अधिकृत नवौं तहको बढुवाको लागि अधिकृत सातौं र अधिकृत आठौं तहमा गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा भएको भएमा उपदफा (१) बमोजिमको बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन् । यस दफाको प्रयोजनको लागि कर्मचारीको समायोजन हुनुपूर्वको समान तह वा श्रेणीमा गरेको सेवा अवधि समेत गणना गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवा लागि भएको विज्ञापनमा दरखास्त दिने अन्तिम मितिसम्ममा अधिकृत सातौं तह र आठौं तहको पदमा गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पुगेको कर्मचारी अधिकृत नवौं तहको पदमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाको लागि सम्भावित उम्मेदवार हुन सक्नेछन्।

(४) उपदफा (१) बमोजिम बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने पदको तह वा सो तहभन्दा एक तहमुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृत एघारौं र नवौं तह वा सो सरहको पदमा बढुवाको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहको अधिकृत सातौं तह वा सो सरहको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघीय निजामती सेवाको राजपत्र अनङ्कित प्रथम श्रेणीको नायव सुव्वा वा सो सरहको पदमा कार्यरत रही प्रदेशमा समायोजन भएका कर्मचारीको हकमा अधिकृत सातौं तहमा बढुवाको लागि निजको राजपत्र अनङ्कित प्रथम श्रेणीको नायव सुव्वा वा सो सरहको पदमा कार्यरत अवधिलाई समेत गणना गर्दा सेवा अवधि पाँच वर्ष पूरा भएको अवस्थामा निजहरू बढुवाको लागि योग्य हुनेछन्।"

*२९क. **<u>कर्मचारी बढुवाको योग्यता सम्बन्धी विशेष व्यवस्था:</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै तहको पदमा कम्तीमा पन्ध्र वर्षसम्म बहाल रहिरहेका दशौं तह वा सो भन्दा मुनिका कर्मचारीको दफा ५४ बमोजिम अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक तह माथिको पदमा बढुवा गरिनेछ।

---

* पहिलो संशोधनद्वारा थप

(२) उपदफा (१) बमोजिम बढुवा गर्नको लागि स्वतः विशेष पद सृजना हुनेछ र त्यस्तो कर्मचारी सेवाबाट अवकाश भएपछि सो पद स्वतः खारेज हुनेछ।

३०. **बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन नपाउने:** दफा २९ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि प्रदेश निजामती कर्मचारी देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) नसिहत पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलबवृद्धि रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(ङ) दफा ४६ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(च) प्रदेश स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

३१. **बढुवा नियुक्तिको रोक्का तथा फुकुवा:** कुनै प्रदेश निजामती कर्मचारीको बढुवाको लागि सिफारिस भइसकेपछि बढुवा नियुक्ति नपाउँदै निलम्बन वा बढुवा रोक्का वा तलबवृद्धि रोक्का भएमा उल्लिखित अवधिभर निजको बढुवा नियुक्ति रोक्का गरिनेछ र निजको निलम्वन फुकुवा भएमा वा रोक्का अवधि समाप्त भएपछि निज निलम्वन वा रोक्का नभए सरह मानी नियुक्ति दिई ज्येष्ठता कायम गरिनेछ ।

३२. [१]**कार्यक्षमताको आधारमा हुने बढुवाको आधार:** (१) बढुवा समितिले कर्मचारीलाई कार्यक्षमता बापत पाएको कुल अङ्कको आधारमा बढुवाको लागि सिफारिस गर्नेछ।

(२) कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा एकसय अङ्क दिइनेछः–

| | |
|---|---|
| (क) कार्यसम्पादन मूल्याङ्कन बापत | – चालीस अङ्क |
| (ख) ज्येष्ठता बापत | – तीस अङ्क |
| (ग) भौगोलिक क्षेत्रमा काम गरे बापत | – सोह्र अङ्क |
| (घ) शैक्षिक योग्यता बापत | – बाह्र अङ्क |
| (ङ) तालिम बापत | – दुई अङ्क |

(३) सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन बापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

[१] पहिलो संशोधनद्वारा संशोधित

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि समायोजन ऐन बमोजिम सरकारी वा अन्य सेवाका कर्मचारीको समायोजन हुनु भन्दा पहिले यस दफा बमोजिम दिइने पूर्णाङ्क फरक परेमा वा हाल प्रदान गर्ने अङ्क भन्दा कम वा बढी हुने रहेछ भने त्यस्तो पूर्णाङ्कलाई एक सय प्रतिशत मानी यस दफा बमोजिम अङ्क गणना गरिनेछ।

३३. **कार्य सम्पादनको मूल्याङ्कनः** (१) प्रदेश निजामती कर्मचारीको कार्य सम्पादनको मूल्याङ्कन गर्न तोकिए बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ ।

(२) प्रदेश निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको कूल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः–

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम - पच्चीस अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम - दश अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम - पाँच अङ्क

(३) सुपरीवेक्षक, पुनरावलोकनकर्ता, पुनरावलोकन समितिले प्रदेश निजामती कर्मचारीको कार्यसम्पादन बापत अङ्क दिँदा यस दफा र कार्य सम्पादन मूल्याङ्कन फाराममा उल्लिखित आधार अनुरूप दिनु पर्नेछ ।

[१](४) अधिकृत तहका कर्मचारीको लागि कार्यसम्पादन मूल्याङ्कन अर्ध वार्षिक र वार्षिक रूपमा र सहायक तहका कर्मचारीको लागि वार्षिक रूपमा कार्य सम्पादन मूल्याङ्कन गरिनेछ।

(५) सहायक तहका प्रदेश निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित कार्यालय प्रमुख तथा विभागीय प्रमुखले तोकिएको अवधिभित्र मूल्याङ्कन गरी गराई त्यसको तीन प्रति तयार गरी एक प्रति प्रदेश लोक सेवा आयोग, एकप्रति बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित कार्यालयमा राख्नु पर्नेछ ।

तर समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भई आएका कार्यरत कर्मचारीको हकमा थप एक प्रति कार्यसम्पादन मूल्याङ्कन फाराम संघीय निजामती सेवा ऐन बमोजिमको बढुवा समितिमा पठाउनु पर्नेछ ।

(६) अधिकृत तहका प्रदेश निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगको सचिवले तोकिएको अवधिभित्र मूल्याङ्कन गरी गराई त्यसको तीन प्रति तयार गरी एक प्रति प्रदेश लोकसेवा आयोग र एक प्रति बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगमा राख्नु पर्नेछ ।

---

[१] पहिलो संशोधनद्वारा संशोधित

तर समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भई आएका कार्यरत कर्मचारीको हकमा थप एक प्रति कार्यसम्पादन मूल्याङ्कन फाराम संघीय निजामती ऐन बमोजिमको बढुवा समितिमा पठाउनु पर्नेछ ।

(७) कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रत्येक निकायले तोकिएको अवधिभित्र आफूले मूल्याङ्कन गरेको फाराम पेश गर्नुपर्ने निकायमा पठाएको नामावली सहितको सूचना सात दिनभित्र आफ्नो कार्यालयको सूचना पाटी र वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

(८) एक वर्षमा एक भन्दा बढी कार्यालयमा कार्यरत कर्मचारीले सरुवा भई रमाना लिई आउँदा तोकिए बमोजिमको ढाँचामा सम्बन्धित सुपरीवेक्षकबाट कार्यसम्पादन मूल्याङ्कन फाराम भराई सो समेत लिई आउनु पर्नेछ ।

(९) प्रदेश निजामती कर्मचारीले आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम भरी तोकिएको समयावधिभित्र सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ । त्यस्तो अवधिभित्र दर्ता गर्न नसकी सोको मनासिब कारणसहित म्याद थपको लागि सम्बन्धित कर्मचारीले निवेदन दिएमा र सुपरीवेक्षकले निवेदनमा उल्लिखित कारण मनासिब देखेमा तोकिएको समयावधि समाप्त भएको मितिले पन्ध्र दिनसम्मको म्याद थप गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम थपिएको म्यादपछि सोही आर्थिक वर्षभित्र कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता हुन आएमा दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन फाराममा मूल्याङ्कन बापत कूल प्राप्ताङ्कबाट पुनरावलोकन समितिले एक अङ्क घटाउनेछ ।

(११) कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने समयावधिमा कुनै प्रदेश निजामती कर्मचारी वैदेशिक तालीम, गोष्ठी वा अध्ययन भ्रमण आदिमा काजमा जानुपर्ने अवस्था परेमा त्यसरी जानुभन्दा अगावै कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ । त्यसरी दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन फारामलाई निर्धारित समयमै दर्ता भएको मानी मूल्याङ्कन गर्नु पर्नेछ ।

(१२) प्रदेश निजमती कर्मचारीले समयमा नै भरी दर्ता गरेको कार्यसम्पादन मूल्याङ्कन फाराम तोकिएको अवधिभित्र मूल्याङ्कन नगर्ने पदाधिकारीलाई विभागीय सजाय गरिनेछ ।

(१३) प्रत्येक वर्ष पुनरावलोकन समितिबाट कार्यसम्पादन मूल्याङ्कन भइसकेपछि सम्बन्धित कर्मचारीले त्यस वर्ष प्राप्त गरेको कार्यसम्पादन मूल्याङ्कनको कूल अङ्क निजले निवेदन दिई माग गरेमा पुनरावलोकन समितिको सचिवालयले जानकारी दिनु पर्नेछ ।

तर पुनरावलोकन समितिले दिएको अङ्क जानकारी गराइने छैन ।

(१४) उपदफा (१३) बमोजिम जानकारी लिएपछि सुपरीवेक्षक र पुनरावलोकनकर्ताले गरेको मूल्याङ्कन कुनै कर्मचारीलाई चित्त नबुझेमा सोको ठोस आधार र कारण सहित सात दिनभित्र तोकिए बमोजिमको अधिकारी समक्ष उजुरी गर्न सक्नेछ । त्यसरी उजुरी गरेकोमा त्यस्तो अधिकारीले उजुरी उपर सम्बन्धित सुपरीवेक्षक र पुनरावलोकनकर्तासँग परामर्श गरी आवश्यक छानबिन गर्नेछ र आवश्यक देखिएमा त्यस्तो मूल्याङ्कन फाराममा प्राप्त अङ्क तोकिए बमोजिम संशोधन गर्न सक्नेछ ।

(१५) वार्षिक रूपमा गरिने कार्य सम्पादन मूल्याङ्कनबापत सुपरीवेक्षक वा पुनरावलोकनकर्ताले ९५ प्रतिशतभन्दा बढी वा ७५ प्रतिशतभन्दा कम अङ्क प्रदान गरेकोमा सोको स्पष्ट कारण खुलाउनु पर्नेछ र ७५ प्रतिशतभन्दा कम अङ्क दिएकोमा सम्बन्धित कर्मचारीलाई जानकारी गराई निजले प्रतिक्रिया दिएमा सो समेत राखी पुनरावलोकन समितिसमक्ष पेश गर्नु पर्नेछ ।

(१६) कार्य सम्पादन मूल्याङ्कनमा पुनरावलोकन समितिलाई सुपरीवेक्षक वा पुनरावलोकनकर्ता वा दुवैले गरेको मूल्याङ्कन चित्त नबुझेमा सोको स्पष्ट कारणसमेत खुलाई फिर्ता पठाउन सक्नेछ । त्यसरी फिर्ता पठाएकोमा सम्बन्धित मूल्याङ्कनकर्ताले पुनः मूल्याङ्कन गरी वा पहिले गरेको मूल्याङ्कनमा संशोधन गर्न आवश्यक नभए सोको औचित्यपूर्ण कारण खुलाई पठाउनु पर्नेछ ।

(१७) कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ ।

तर

(क) अध्ययन वा तालीममा गएको वा निलम्बन भई निलम्बन फुकुवा भएकोमा अध्ययन, तालीम वा निलम्बन अवधिको कार्यसम्पादन मूल्याङ्कनबापत त्यस्तो अध्ययन वा तालीममा जानुभन्दा वा निलम्बन हुनुभन्दा तत्काल अघिको कार्यसम्पादन मूल्याङ्कनमा जति अङ्क पाएको छ सोही अनुपातमा अङ्क गणना गरिनेछ ।

(ख) असाधारण बिदामा बसेको अवधिलाई कटाएर मात्रै सम्भाव्य उम्मेदवारको हिसाब गरिनेछ र त्यस्तो बिदा अवधिको कार्यसम्पादन मूल्याङ्कन फाराम भरिने छैन । असाधारण बिदामा बसेको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा असाधारण बिदामा बसेको अवधि कटाई सोभन्दा अगाडि वा पछाडिका वर्षहरूका बढुवाको लागि आवश्यक पर्ने अवधिको कार्यसम्पादन मूल्याङ्कन बापतको अङ्क गणना गरिनेछ ।

(१८) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३४. **<u>ज्येष्ठताको मूल्याङ्कन :</u>** निजामती कर्मचारीलाई ज्येष्ठता वापतको अङ्क दिंदा हाल बहाल रहेको देहाय बमोजिमको तहमा काम गरे वापत देहायको दरले बढीमा तीस अङ्क दिइनेछ :-

(क) सहायकस्तर पाँचौ तह र सोभन्दा मुनिको पदमा काम गरे वापत प्रत्येक वर्षको अङ्क ३.७५ को दरले,

(ख) अधिकृतस्तर छैठौं, सातौं, आठौं तहको पदमा काम गरे वापत प्रत्येक वर्षको अङ्क ३.० को दरले,

(ग) अधिकृतस्तर नवौं र सोभन्दा माथिको तहको पदमा काम गरे वापत प्रत्येक वर्षको अङ्क २.५ को दरले ।

तर

(१) ज्येष्ठता वापत अङ्क गणना गर्दा एक वर्षभन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ ।

(२) यस दफाको प्रयोजनको लागि गयल भएको वा असाधारण बिदामा बसेको अवधिको अङ्क दिइने छैन ।

३५. **<u>भौगोलिक क्षेत्रको बिभाजन :</u>** (१) प्रदेश निजामती कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको अङ्क प्रदान गर्दा देहायको विभिन्न भौगोलिक क्षेत्रलाई क्रमशः "क", "ख", "ग" र "घ" चार वर्गमा विभाजन गरी देहाय बमोजिमको पदमा ती मध्ये एक वा एकभन्दा बढी वर्गमा काम गरेको अनुभव वापत सोह्र अङ्कमा नबढ्ने गरी देहाय बमोजिमको अङ्क दिइनेछ :-

(क) सहायकस्तर पाँचौ तह र सोभन्दा मुनिको पदमा,-

(१) "क" वर्गमा काम गरे वापत प्रत्येक वर्षको अङ्क ५.०० का दरले,

(२) "ख" वर्गमा काम गरे वापत प्रत्येक वर्षको अङ्क ३.५० का दरले,

(३) "ग" वर्गमा काम गरे वापत प्रत्येक वर्षको अङ्क २.५० का दरले,

(४) "घ" वर्गमा काम गरे वापत प्रत्येक वर्षको अङ्क १.५० का दरले ।

(ख) अधिकृतस्तर छैठौं, सातौं, आठौं तहको पदमा,-

(१) "क" वर्गमा काम गरे वापत प्रत्येक वर्षको अङ्क ५.०० का दरले,

(२) "ख" वर्गमा काम गरे वापत प्रत्येक वर्षको अङ्क ३.५० का दरले,

(३) "ग" वर्गमा काम गरे वापत प्रत्येक वर्षको अङ्क २.५० का दरले,

(४) "घ" वर्गमा काम गरे वापत प्रत्येक वर्षको अङ्क १.५० का दरले ।

(ग) अधिकृतस्तर नवौं र सोभन्दा माथिको तहको पदमा,-

(१) "क" वर्गमा काम गरे वापत प्रत्येक वर्षको अङ्क ५.०० का दरले,

(२) "ख" वर्गमा काम गरे वापत प्रत्येक वर्षको अङ्क ३.५० का दरले,

(३) "ग" वर्गमा काम गरे वापत प्रत्येक वर्षको अङ्क २.५० का दरले,

(४) "घ" वर्गमा काम गरे वापत प्रत्येक वर्षको अङ्क १.५० का दरले ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कुनै कर्मचारीले भौगोलिक क्षेत्र वापत प्राप्त गरिसकेको अङ्क घट्ने छैन ।

(३) उपदफा (१) को प्रयोजनका लागि विभिन्न भौगोलिक क्षेत्रको विवरण तोकिए बमोजिम हुनेछ ।

(४) कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा दुईसय तेत्तिस दिन रुजू हाजिर नभई सो भौगोलिक क्षेत्रको अङ्क पाइने छैन । दुईसय तेत्तिस दिनभन्दा बढी अवधिको लागि दामासाहीका दरले सोही भौगोलिक क्षेत्रको र सोभन्दा कम अवधिको लागि जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "घ" वर्ग सरहको अङ्क दिइनेछ । भौगोलिक क्षेत्रमा काम गरेवापत पाउने अङ्क जुन तहमा बढुवा हुने हो सो तहभन्दा एक तह मुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ ।

♣**<u>स्पष्टीकरणः</u>** यस उपदफाको प्रयोजनको लागि "रुजु हाजिर" भन्नाले सार्वजनिक बिदा, किरिया बिदा, पर्यटन बिदा, प्रसूति बिदा, प्रदेशभित्रको काज, भैपरी आउने र पर्व बिदाको अवधिलाई समेत जनाउँछ।

(५) अध्ययन बिदा तथा बैदेशिक तालीममा काजमा जाने कर्मचारीलाई "घ" बर्गको लागि तोकिएको अङ्कको आधा अङ्क दिइनेछ ।

♣(६) प्रदेशमा समायोजन भए पनि उपदफा (४) बमोजिमको अवधिसम्म प्रदेशमा हाजिर नहुने कर्मचारीको सो अवधि बापतको भौगोलिक अङ्क गणना गरिने छैन।

♣(७) यस ऐनको प्रयोजनको लागि प्रदेशको भौगोलिक क्षेत्रको वर्गीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३६. **<u>शैक्षिक योग्यता र तालीमको मूल्याङ्कनः</u>** (१) प्रदेश निजामती कर्मचारीलाई शैक्षिक योग्यताको अङ्क दिँदा निजामती सेवाको कुनै पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापत एकमुष्ठ ϒनौ अङ्क र सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको सेवा, समूह वा उपसमूहसँग सम्बन्धित बिषयको एक अतिरिक्त शैक्षिक उपाधि वापत एकमुष्ठ ϒतीन अङ्क दिइनेछ । सेवा प्रवेश गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक उपाधि मात्र पाएको अवस्थामा पनि सोही बराबरको दुबै अङ्क दिइनेछ ।

(२) दफा ९ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम अधिकृतस्तर नवौं तह वा सो सरह वा सोभन्दा माथिको पदमा बढुवाको लागि पनि अधिकृतस्तर सातौं तह वा सो सरहको सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

(३) सेवाकालीन तालीम वापत प्रथम श्रेणीको लागि २ अङ्क, द्वितीय श्रेणीको लागि १.७५ अङ्क र तृतीय श्रेणीको लागि १.५ अङ्क प्रदान गरिनेछ ।

(४) प्रदेश निजामती कर्मचारीलाई तालीमको अङ्क दिँदा एक महिना वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित बिषयको सेवाकालीन तालीम वापत अङ्क दिइनेछ । तालीमको अङ्क गणना गर्दा

---

♣ पहिलो संशोधनद्वारा थप

ϒ पहिलो संशोधनद्वारा संशोधित

जुन तहमा छँदा तालीमको लागि मनोनयन भएको हो सो अङ्क सोही तहको लागि मात्र गणना गरिनेछ।

<u>स्पष्टीकरणः</u> "एक महिनाको तालीम" भन्नाले तीस कार्यदिन वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित तालीमलाई जनाउँछ ।

(५) प्रदेश निजामती कर्मचारीले शैक्षिक योग्यता र सेवाकालीन तालीम वापतको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ र सो पेश नगरेमा त्यस वापत अङ्क दिइने छैन ।

(६) प्रदेश निजामती कर्मचारीलाई बढुवा प्रयोजनको लागि दरखास्तसँग पेश गरेको शैक्षिक योग्यता सो सेवा, समूह, उपसमूहसँग सम्बन्धित हो वा होइन भन्ने सम्बन्धमा तोकिए बमोजिमको सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ । बढुवा प्रयोजनको लागि दरखास्तसँग पेश गरेको शैक्षिक योग्यताको सम्बद्धता निर्धारण बढुवा समितिको बैठक बस्नुभन्दा अगाडिको मितिसम्म भएमा त्यस्तो शैक्षिक योग्यताको अङ्क बढुवाको लागि गणना गरिनेछ ।

(७) यस दफाको अधीनमा रही तालीम दिने संस्था र तालीमको स्तरसम्बन्धी व्यवस्था सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयसँग समन्वय गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोके बमोजिम हुनेछ ।

३७. **<u>ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाः</u>** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा समितिले ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको लागि सिफारिस गर्दा बढुवा हुने पदभन्दा एक तह मुनिको पदमा सबैभन्दा बढी सेवा अवधि भएका उम्मेदवारलाई देहाय बमोजिमको आधारमा बढुवाको सिफारिस गर्नेछः-

(क) बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औषतमा पन्चानब्बे प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गरेको,

(ख) दफा २९ बमोजिम बढुवाका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको,

(ग) [१]अधिकृत एघारौं तहको लागि अधिकृत नवौं वा दशौं तहमध्ये जुनसुकै तहमा, अधिकृत नवौं तहको लागि अधिकृत सातौं वा आठौं तहमध्ये जुनसुकै तहमा र अधिकृत सातौं तहको लागि अधिकृत छैटौं तहमा कम्तीमा तीस कार्य दिनको सेवाकालीन तालिम लिएको।

तर समायोजन भएका अधिकृत छैटौं तहका कर्मचारीको हकमा राजपत्र अनंकित प्रथम श्रेणी वा सो सरहको पदमा कम्तीमा तीस कार्य दिनको सेवाकालीन तालिम लिएको भएमा यस खण्ड बमोजिम योग्य भएको मानिनेछ।

---

[१] पहिलो संशोधनद्वारा संशोधित

(घ) हाल बहाल रहेको तहमा भौगोलिक क्षेत्रमा काम गरे वापत दफा ३५ बमोजिम पूरा अङ्क प्राप्त गरेको ।

तर भौगोलिक क्षेत्रमा काम गरे वापत पूरा अङ्क प्राप्त गरेको सम्भाव्य उम्मेदवार नभएमा वा छुट्याइएको रिक्त पदमा सम्भाव्य उम्मेदवार नपुग हुने अवस्था भएमा त्यस्तो पदमा भौगोलिक क्षेत्रमा काम गरे वापत पूरा अङ्क प्राप्त नगरेको कर्मचारीलाई पनि सम्भाव्य उम्मेदवार कायम गरी बढुवा गरिनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि ज्येष्ठता निर्धारण गर्दा देहायको आधारमा गरिनेछः-

(क) बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा ज्येष्ठता लागू भएको मितिको आधारमा,

(ख) खण्ड (क) बमोजिम ज्येष्ठता निर्धारण हुन नसकेमा सो पदमा प्रदेश लोक सेवा आयोग वा बढुवा समितिको सिफारिसको योग्यताक्रमको आधारमा,

(ग) खण्ड (ख) बमोजिम समेत ज्येष्ठता निर्धारण हुन नसकेमा सो भन्दा तल्लो तहको पदमा ज्येष्ठता लागू भएको मितिको आधारमा,

(घ) खण्ड (ग) बमोजिम समेत ज्येष्ठता निर्धारण हुन नसकेमा उमेरको ज्येष्ठताको आधारमा ।

[♣](३) यस ऐन बमोजिम बढुवा गर्दा यस दफा बमोजिम गरिने बढुवाको कारबाही सम्पन्न गरी सिफारिस गरेपछि कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवाको सिफारिस गर्नु पर्नेछ।

[♣]३७क. **<u>ज्येष्ठता गणना सम्बन्धी विशेष व्यवस्था</u>**: (१) प्रदेशमा समायोजन भएका कर्मचारीको ज्येष्ठता गणना गर्दा समायोजन हुनु पूर्वको साबिकको सेवा समूहको समान तहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी गणना गरिनेछ।

(२) उपदफा (१) बमोजिम ज्येष्ठता कायम गर्न नसकिएमा सिफारिसको योग्यताक्रम, सम्बन्धित सेवा समूहको पदमा स्थायी सेवा गरेको अवधि र उमेरलाई क्रमश: आधार लिई छुट्ट्याउनु पर्नेछ।"

३८. [¥]**<u>तहवृद्धि सम्बन्धी व्यवस्थाः</u>** (१) तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदको लागि तोकिए बमोजिम शैक्षिक योग्यता र देहाय बमोजिमको न्यूनतम सेवा अवधि पूरा गरेका तथा पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत पञ्चानब्बे प्रतिशत अङ्क वा सोभन्दा बढी अङ्क प्राप्त गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह वृद्धि गरिनेछः-

---

[♣] पहिलो संशोधनद्वारा थप

[¥] पहिलो संशोधनद्वारा संशोधित

| क.सं. | हालको तह | वृद्धि हुने तह | सम्बन्धित तहमा सेवा गर्नुपर्ने अवधि |
|---|---|---|---|
| १. | पाँचौं | छैटौं | पाँच वर्ष |
| २. | सातौं | आठौं | पाँच वर्ष |
| ३. | नवौं | दशौं | पाँच वर्ष |

(२) प्रदेश स्वास्थ्य सेवाका देहायका तहमा देहाय बमोजिम तहवृद्धि गरिनेछः-

| क.सं. | हालको तह | वृद्धि हुने तह | सम्बन्धित तहमा सेवा गर्नुपर्ने अवधि | पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा प्राप्त गर्नुपर्ने अङ्क |
|---|---|---|---|---|
| १. | चौथो | पाँचौं | पाँच वर्ष | कम्तीमा उत्तम |
| २. | पाँचौं<br>(क)सुरु नियुक्ति भएका वा पाँचौं तहमा तहवृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा भएका | छैटौं | पाँच वर्ष | कम्तीमा उत्तम |
| | पाँचौं<br>(ख) पाँचौं तहमा तहवृद्धि भएकामध्ये सो तहका लागि न्यूनतम शैक्षिक योग्यता नभएका | छैटौं | आठ वर्ष | कम्तीमा उत्तम |
| ३. | छैटौं<br>(पाँचौं तहमा सुरु नियुक्ति भई छैटौं तहमा तहवृद्धि भएका) | सातौं | आठ वर्ष | कम्तीमा उत्तम |
| ४. | सातौं<br>(सातौं तहमा सुरु नियुक्ति भएका) | आठौं | पाँच वर्ष | कम्तीमा उत्तम |
| ५. | नवौं | दशौं | पाँच वर्ष | कम्तीमा उत्तम |

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भई समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीको तहवृद्धि सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ।

(४) यस दफा बमोजिम योग्यता र सेवा अवधि पुगेका कर्मचारीको त्यस्तो योग्यता र सेवा अवधि पुगेको मितिदेखि नै लागु हुने गरी सोही मितिमा तहवृद्धि गरिनेछ।

(५) तह वृद्धिको लागि सेवा अवधि गणना गर्दा समायोजन हुनुपूर्व कायम रहेको सम्बन्धित सेवा समूहको समान श्रेणी वा तहमा कायम रहेको अवधि समेत गणना हुनेछ।

(६) तह वृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम रहनेछ।

(७) उपदफा (१) र (२) बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाइपाई आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

(८) कर्मचारीको तह वृद्धि सम्बन्धित मन्त्रालयको सचिवले गर्नेछ। यसरी गरिएको तह वृद्धिको जानकारी निर्णय भएको पन्ध्र दिनभित्र राष्ट्रिय किताबखाना (निजामती), प्रदेश किताबखाना र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ।

(९) उपदफा (१) बमोजिमको योग्यता पूरा भई अनिवार्य अवकाश हुने कर्मचारीको हकमा निज दफा ५४ बमोजिम अवकाश हुनुभन्दा एक महिना अगावै तहवृद्धि गर्न सकिनेछ।

३९. [1]**श्रेणीविहीन कर्मचारीको स्तर कायमसम्बन्धी व्यवस्थाः** (१) साबिकको श्रेणीविहीन, तहविहीन वा तह कायम नभएका कर्मचारीको पदको स्तर देहाय बमोजिम हुनेछः-

(क) प्रथमस्तर,
(ख) द्वितीयस्तर,
(ग) तृतीयस्तर,
(घ) चतुर्थस्तर र
(ङ) पाँचौंस्तर।

(२) उपदफा (१) बमोजिम स्तर कायम हुन देहाय बमोजिमको सेवा अवधि पूरा गरेको हुनु पर्नेछः-

(क) प्रथमस्तरको लागि पाँच वर्षसम्म,
(ख) द्वितीयस्तरको लागि पाँच वर्ष पूरा भई दश वर्षसम्म,
(ग) तृतीयस्तरको लागि दश वर्ष पूरा भई पन्ध्र वर्षसम्म,
(घ) चतुर्थस्तरको लागि पन्ध्र वर्ष पूरा भई बीस वर्षसम्म,
(ङ) पाँचौंस्तरको लागि बीस वर्ष पूरा भएका।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भई समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीको तहवृद्धि र स्तर कायमसम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ।

(४) यस दफा बमोजिम योग्यता र सेवा अवधि पुगेका कर्मचारीको त्यस्तो योग्यता र सेवा अवधि पुगेको मितिदेखि नै लागु हुने गरी सोही मितिमा स्तर कायम गरिनेछ।

---

[1] पहिलो संशोधनद्वारा संशोधित

(५) स्तर कायमको लागि सेवा अवधि गणना गर्दा समायोजन हुनुपूर्व कायम रहेको सम्बन्धित सेवा समूहको समान श्रेणी वा तहमा कायम रहेको अवधि समेत गणना हुनेछ।

(६) तहबृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो कायम भएको स्तरमा हुनेछ र त्यसरी कायम स्तरको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम रहनेछ।

(७) उपदफा (१) र (२) बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाइपाई आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

(८) कर्मचारीको स्तर कायम अख्तियारवालाले गर्नेछ। यसरी तह कायम गरिएको जानकारी निर्णय भएको पन्ध्र दिनभित्र राष्ट्रिय किताबखाना (निजामती), प्रदेश किताबखाना र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ।

(९) उपदफा (१) बमोजिम पाँचौंस्तर कायम भएको पन्ध्र वर्ष पूरा हुने भई दफा ५४ बमोजिम अवकाश हुने भएमा निजको हकमा अवकाश हुनुभन्दा एक महिना अगावै सहायक चौथो तहमा गरी तहवृद्धि गर्न सकिनेछ।

(१०) उपदफा (९) बमोजिम तहवृद्धि भई अवकाश भएको कर्मचारीको पद स्वतः सिर्जना भएको मानिनेछ र उक्त पद अवकाशपछि स्वतः खारेज हुनेछ।

(११) यस दफा बमोजिम स्तर कायम भएका कर्मचारीको स्तर निर्धारण र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. **बढुवा र तहबृद्धि रद्द हुनेः** कुनै उम्मेदवारले बढुवा वा तहबृद्धिको दरखास्त फाराम भर्दा झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा निजको बढुवा वा तहबृद्धि रद्द गरी निजलाई विभागीय सजाय गरिनेछ ।

४१. **वैयक्तिक विवरण राख्नुपर्नेः** (१) आफू बहाल रहेको कार्यालयमा कार्यरत प्रदेश निजामती कर्मचारीको वैयक्तिक विवरण दुरुस्त राख्ने जिम्मेवारी सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखको हुनेछ । आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ ।

(२) बढुवाको लागि सम्भाव्य उम्मेदवार भइसकेका प्रदेश निजामती कर्मचारीले सरकारी काम वा अध्ययन वा काजको सिलसिलामा विदेशमा रही वा प्राकृतिक वा आकस्मिक परिस्थिति वा काबू बाहिरको परिस्थिति परी दरखास्त फाराम पेश गर्न नसकेमा बढुवा सूचनाको म्यादभित्र सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखले त्यस्तो कर्मचारीको विवरण बढुवा सूचना प्रकाशन गर्ने कार्यालयमा पठाउनु पर्नेछ । यसरी पठाइएको विवरणलाई आधार मानी बढुवा समितिले बढुवाको कारवाही टुङ्गो लगाउनेछ ।

४२. **नकारात्मक सूचीः** देहायको अवस्थामा प्रदेश निजामती कर्मचारी नकारात्मक सूचीमा परेको मानिनेछः-

(क) दफा ३० बमोजिम उम्मेदवार हुन अयोग्य भएको,

(ख) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा पन्चानब्बे प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेको,

(ग) कुनै उम्मेदवारले बढुवाको दरखास्त फाराम भर्दा बढुवामा तात्विक असर पर्ने गरी झुट्टा विवरण पेश गरेको प्रमाणित भएको अवधिदेखि पाँच  वर्षसम्म,

(घ) लागू औषधजन्य पदार्थ सेवन गरेको वा अनुशासनहीन कार्य गरेको प्रमाणित भएमा प्रमाणित भएको पाँच वर्षसम्म ।

४३. **बढुवा मिति र बढुवा नियुक्तिः** (१) दफा २८ को उपदफा (५) बमोजिम बढुवा नतिजा प्रकाशन भएपछि बढुवा उजूरीको प्रयोजनको लागि सो नतिजा प्रकाशन भएको मितिबाट पन्ध्र दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतीक्षा सूचीमा राखिनेछ । त्यस्तो बढुवा सिफारिस उपर उजुरी नपरेमा सो नामावली प्रकाशन भएको मितिले सोह्रौं दिनको मितिबाट बढुवा हुने तहको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनु पर्नेछ ।

(२) बढुवा सिफारिस उपर उजूरी परेमा देहाय बमोजिम ज्येष्ठता मिति कायम गरी नियुक्ति दिनु पर्नेछः-

(क) दफा ४४ को उपदफा (२) बमोजिम बढुवा सिफारिस संशोधन गर्ने निर्णय भएमा सो बमोजिम संशोधित नतिजा प्रकाशन भएको मितिदेखि,

(ख) उजूरी खारेज भएमा वा पहिलेको बढुवा सिफारिस नै कायम भएमा पहिलो पटक नतिजा प्रकाशन भएको मितिले सोह्रौ दिनदेखि,

(ग) कुनै बढुवा सम्बन्धमा अदालतमा मुद्दा परी बढुवा बदर भई पुनः बढुवा समितिबाट बढुवा सम्बन्धी निर्णय गरेमा पछिल्लो पटक बढुवा समितिबाट निर्णय भएको मितिदेखि ।

४४. **बढुवाको उजुरीः** (१) दफा २८ बमोजिम बढुवा समितिले गरेको बढुवाको सिफारिसमा चित्त नबुझ्ने सम्बन्धित प्रदेश निजामती कर्मचारीले त्यस्तो सिफारिस गरेको मितिले पन्ध्र दिनभित्र प्रदेश लोक सेवा आयोगमा उजुरी दिन सक्नेछ र त्यसरी परेको उजुरीमा उजुरी गर्ने म्याद नाघेको मितिले तीस दिनभित्र टुङ्गो लगाइनेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको उजुरी टुङ्गो लागेपछि पहिले प्रकाशित बढुवा नामावलीमा संशोधन गर्नुपर्ने भएमा प्रदेश लोक सेवा आयोगले सोको सूचना बढुवा समितिलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम उजूरी छानविन गर्दा जानीजानी त्रुटिपूर्ण मूल्याङ्कन गरेको देखिएमा प्रदेश लोकसेवा आयोगले मूल्याङ्कनकर्तालाई चेतावनी दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम पर्न आएको उजूरी झुट्टा ठहरिएमा उजूरी पछि हुने बढुवामा त्यस्तो उजूरीकर्ताको पहिलोपटकको उजूरी भए २ अङ्क र दोश्रो पटकको उजूरी भए ३ अङ्क काटिनेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम भएको कारवाहीको सूचना सम्बन्धित कर्मचारी लगायत बढुवा समितिको सचिवालय र सम्बन्धित कर्मचारी कार्यरत रहेको कार्यालयमा पठाउनु पर्नेछ ।

(६) बढुवाको उजूरीसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४५. **बढुवाको शर्तमा परिवर्तनः** यस ऐन वा अन्तर्गत बनेका नियमहरुमा भएको बढुवा सम्बन्धी व्यवस्थामा कुनै संशोधन वा परिवर्तन गर्दा त्यस्तो संशोधन वा परिवर्तन भएको एक वर्ष पछिको मितिदेखि मात्र लागू हुनेछ ।

४६. **सेवा, समूह वा उपसमूह परिवर्तन सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारलाई प्रदेश निजामती सेवाको कुनै सेवा, समूह वा उपसमूहको कुनै तहको कुनै विशेष योग्यता भएको कर्मचारीको आवश्यकता परी सो सेवा, समूह वा उपसमूह भित्रैबाट सरुवा वा बढुवाद्वारा पूर्ति गर्न नसकिने भई अन्य प्रदेश निजामती सेवा, समूह वा उपसमूहबाट सेवा परिवर्तन गरी पद पूर्ति गर्नुपर्ने भएमा प्रदेश सरकारले सो को माग गरी प्रदेश लोकसेवा आयोगमा पठाउनु पर्नेछ ।

(२) प्रदेश लोकसेवा आयोगबाट प्रकाशित विज्ञापनमा तोकिएको योग्यता भएका समान तहका प्रदेश निजामती कर्मचारीको बीचमा प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट छनौट भएका प्रदेश निजामती कर्मचारीको प्रदेश सरकारले सेवा, समूह वा उपसमूह परिवर्तन गर्नेछ ।

तर प्रदेश सरकारको कुनै निकायको प्रदेश निजामती सेवाको कुनै पद आवश्यक नभई दरबन्दी कटौती भएको र सो कटौती भएको सेवा, समूह वा उपसमूह र तहको पद अन्य कुनै पनि निकायमा रिक्त नरहेको तथा एक वर्षसम्म पनि रिक्त हुन नआई त्यस्तो दरबन्दीमा कार्यरत कर्मचारीलाई अर्को सेवा, समूह वा उपसमूह परिवर्तन गर्नुपर्ने भएमा प्रदेश सरकारले प्रदेश लोकसेवा आयोगको परामर्श लिई अन्य सेवा,समूह वा उपसमूहमा समूहकृत गर्न यो दफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद–७

## तलब, भत्ता र अन्य सुविधा

४७. **तलब भत्ताः** (१) प्रदेश निजामती कर्मचारीले आफ्नो पदमा बहाली गरेको दिनदेखि तलब भत्ता पाउनेछ ।

*(१क) उपदफा (१) बमोजिमको कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि प्रदेश सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) प्रदेश निजामती कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन गर्नका लागि देहाय बमोजिमको एक तलब भत्ता पुनरावलोकन समिति रहनेछः-

(क) [४]प्रमुख सचिव, प्रदेश सरकार - अध्यक्ष

(ख) प्रदेश सचिव,मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) प्रदेश सचिव, आर्थिक मामिला मन्त्रालय - सदस्य

(३) उपदफा (२) बमोजिमको समितिले प्रत्येक वर्ष उपभोक्ता मूल्य सूचीको आधारमा महंगी भत्ता निर्धारण गरी प्रदेश सरकारसमक्ष सिफारिस गर्नेछ । सो समितिले प्रत्येक तीन वर्षमा राजश्व वृद्धिदर, कुल दरबन्दी संख्या र विगत तीन वर्षमा मूल्य सूचीको आधारमा प्रदान गरिएको महंगी भत्ता समेतलाई आधार बनाई तलब भत्ता तथा अन्य सुविधा पुनरावलोकन गर्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिमको समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न र सम्बन्धित क्षेत्रका विषेशज्ञ, आधिकारी ट्रेड युनियनको प्रतिनिधी वा सरोकारवालाहरुलाई समितिमा आमन्त्रण गरी सुझाव लिन सक्नेछ ।

(६) उपदफा (२) बमोजिमको समितिको सचिवालयको काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ ।

(७) प्रदेश सरकारले उपदफा (२) बमोजिमको समितिको सिफारिसको आधारमा प्रत्येक वर्ष वृद्धि हुने उपभोक्ता मूल्य सूचीको पचहत्तर प्रतिशतसम्म रकम प्रत्येक वर्ष भत्ताको रुपमा प्रदेश निजामती कर्मचारीलाई प्रदान गर्न सक्नेछ । त्यसरी प्रदान गरिएको भत्ता रकम शुरु तलब स्केलको पच्चीस प्रतिशत वा सो भन्दा बढी हुन गएको वर्षमा पच्चीस प्रतिशत रकम तलबमानमा समायोजन गरी बाँकी रकम भत्ताको रुपमा प्रदान गर्न सक्नेछ ।

[४](८) प्रत्येक कर्मचारीले एक वर्षको सेवा अवधि पूरा गरेपछि निजले खाइपाई आएको एक दिनको तलब बराबरको रकम तलब वृद्धि पाउनेछ।

*(८क) उपदफा (८) बमोजिम ग्रेड वृद्धि गर्दा कर्मचारी समायोजन ऐन बमोजिम थप गरिएको दुई ग्रेड कर्मचारीले प्रचलित कानुन बमोजिम पाउने अधिकतम ग्रेड संख्यामा समायोजन नगरी अतिरिक्त ग्रेडको रूपमा प्रदान गर्नु पर्नेछ।

*(८ख) कुनै कर्मचारीको तलब वृद्धि रोक्का भएकोमा सो तलब वृद्धि कुन मितिदेखि फुकुवा हुने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रूपमा जनाई अभिलेख राख्नु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा थप

[४] पहिलो संशोधनद्वारा संशोधित

♣(८ग) प्रदेश निजामती सेवामा स्वीकृत दरवन्दीभित्र खटी आएका संघीय निजामती सेवाका कर्मचारीलाई दफा १२९ को उपदफा (६) बमोजिम निर्धारण गरिएको समकक्षता बमोजिम तलब, भत्ता र अन्य सुविधा उपलव्ध गराउनु पर्नेछ।

(९) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश निजामती कर्मचारीको हकमा तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गरिने छैन ।

(१०) उपदफा (९) बमोजिम तलबी प्रतिवेदन पारित नगरी तलब भुक्तानी गरेमा त्यस्तो प्रदेश निजामती कर्मचारीले पाएको तलब भत्ता त्यसरी भुक्तानी गर्ने अधिकारीबाट असुल उपर गरिनेछ ।

४८. **पकाएको तलब भत्ता पाउने:** (१) प्रदेश निजामती कर्मचारीले प्रत्येक महिना भुक्तान भएपछि तलब र भत्ता पाउने भए तलब र भत्ता समेत पाउनेछ ।

(२) कुनै प्रदेश निजामती कर्मचारीले पकाएको तलब र भत्ता पाउने भए भत्ता समेत निज जुनसुकै व्यहोराबाट प्रदेश निजामती सेवामा नरहेमा पनि पाउनेछ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरुमा व्यवस्था भएकोमा बाहेक कुनै प्रदेश निजामती कर्मचारीको तलब कट्टा गरिने छैन ।

(४) कुनै प्रदेश निजामती कर्मचारीले पाउने तलब सो कर्मचारी काम गरिरहेको वा बिदामा बसेको बखत रोकिने छैन ।

४९. **कार्य सम्पादन प्रोत्साहन कोष:** (१) प्रदेश सरकारले प्रदेश निजामती कर्मचारीको कार्य सम्पादन, कार्य परिणाम र प्राप्त नतिजाको आधारमा निजलाई प्रोत्साहन गर्न एक कार्य प्रोत्साहन कोषको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा रहने रकम, त्यसको सञ्चालन, व्यवस्थापन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५०. **कार्यदक्षता सीमा पार गर्ने:** कुनै प्रदेश निजामती कर्मचारी कार्यदक्षता सीमा पार गर्नको निमित्त योग्य छ भनी अधिकृतस्तर कर्मचारीको हकमा सम्बन्धित मन्त्रालयको प्रदेश सचिव र सहायकस्तर कर्मचारीको हकमा अख्तियारवालाले लिखित रुपमा नजनाएसम्म कुनै प्रदेश निजामती कर्मचारीले कार्यदक्षता सीमा पार गरेको मानिने छैन ।

५१. **निलम्बन भएमा पाउने तलब:** (१) कुनै प्रदेश निजामती कर्मचारी सरकारी कामको सिलसिलामा वा प्रदेश सरकारको तर्फबाट भएको कारबाही स्वरूप निलम्बन भएमा सो निलम्बन अवधिभर निजले आफ्नो तलबको आधा मात्र पाउनेछ ।

---

♣ पहिलो संशोधनद्वारा थप

तर निजले सफाई पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पूरै तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउनेछ र कसूरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन ।

(२) कुनै प्रदेश निजामती कर्मचारी उपदफा (१) मा उल्लिखित कारण बाहेक अन्य कुनै कारणबाट निलम्बन रहन गएको रहेछ भने निजले त्यसरी निलम्वन रहेको अवधिको तलब भत्ता पाउने छैन ।

५२. **चाडपर्व खर्च तथा अन्य सुविधाः** (१) प्रदेश निजामती कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्पराअनुसार मनाउने चाडपर्वको लागि खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एक पटक चाडपर्व खर्चको रूपमा पाउनेछ । त्यस्तो चाडपर्व खर्च लिँदा कुन चाडपर्वमा लिने हो सो खुलाई कार्यरत कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

(२) निवृत्तभरण पाउने गरी अवकाश प्राप्त प्रदेश निजामती कर्मचारी वा निजको पारिवारिक निवृत्तभरण पाउने व्यक्तिले निजले पाउने एक महिनाको निवृत्तभरण बराबरको रकम चाडपर्व खर्चको रूपमा पाउनेछ ।

(३) प्रदेश निजामती कर्मचारीले उपचार खर्च, अशक्त वृत्ति, अंगभंग भए वापत पाउने सुविधा, शैक्षिक तथा सन्तती वृत्ति, शिशु स्याहार भत्ता, बीमा, आवास कर्जा तथा शैक्षिक बीमा र अन्य सुविधा तोकिए बमोजिम पाउनेछन् ।

≠(४) *******

५३. **कर्मचारी सञ्चय कोषः** ≠* प्रदेश निजामती कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शतप्रतिशत रकम थप गरी कर्मचारी सञ्चयकोषमा जम्मा गरिदिनेछ ।

## परिच्छेद–८

## अवकाश, उपदान र निवृत्तभरण

५४. **अनिवार्य अवकाशः** (१) ♣**सेवा शर्तसँग सम्बन्धित प्रचलित संघीय कानूनले अनिवार्य अवकाशका लागि तोके बमोजिमको** उमेर पूरा भएको वा दफा २२ बमोजिमको पदावधि पूरा भएको प्रदेश निजामती कर्मचारीले प्रदेश निजामती सेवाबाट स्वतः अवकाश पाउनेछ ।

---

≠ पहिलो संशोधनद्वारा झिकिएको

♣ पहिलो संशोधनद्वारा थप

(२) यस दफाको प्रयोजनका लागि प्रदेश निजामती कर्मचारीको उमेर गणना गर्दा निजले पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजको नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजले व्यक्तिगत विवरण (सिटरोल) मा लेखी दिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेरमध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ ।

(३) कुनै प्रदेश निजामती कर्मचारीको शैक्षिक योग्यता वा नागरिकताको प्रमाणपत्र र व्यक्तिगत विवरणमा वर्ष, संवत् वा उमेर मात्र उल्लेख भएकोमा देहायको आधारमा जन्ममिति कायम गरिनेछः-

(क) नागरिकताको प्रमाणत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मितिको आधारमा,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा,

(ग) व्यक्तिगत विवरण (सिटरोल) को हकमा शुरु नियुक्ति भएको मितिको आधारमा ।

(४) प्रदेश निजामती कर्मचारीले पेश गरेको कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको भएमा र सो प्रमाणपत्रमा उल्लिखित जन्म मितिहरुको बीचमा एक वर्षको अन्तर देखिएमा पूरा जन्म मिति खुलेको प्रमाणपत्रको आधारमा जन्ममिति कायम गरी उमेर गणना गरिनेछ ।

(५) उपदफा (४) बमोजिम छुट्टा छुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिको अन्तर एक वर्षभन्दा बढी देखिएमा उपदफा (३) बमोजिम कायम हुने जन्ममितिको आधारमा निज जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिलाई जन्ममिति कायम गरी निजको उमेर गणना गरिनेछ ।

५५. **अवकाश दिन सक्ने:** प्रदेश सरकारले देहायका अवस्थामा कुनै पनि प्रदेश निजामती कर्मचारीलाई सेवाबाट अवकाश दिन सक्नेछः-

(क) कुनै प्रदेश निजामती कर्मचारीले आफ्नो जिम्मामा रहेको वा आफूले कुनै तरिकाबाट प्राप्त गरेको सरकारी गोप्य कागजात, लिखत वा जानकारी कुनै अनधिकृत व्यक्ति वा निकायलाई दिएमा वा दिने प्रयास गरेको कुरा प्रमाणित भएमा,

(ख) कुनै प्रदेश निजामती कर्मचारीले राष्ट्रिय हित विपरीत कुनै विदेशी राष्ट्र, संस्था वा नागरिकसँग अवाञ्छित सम्पर्क कायम गरी आफ्नो ओहदाको मर्यादा विपरीत गैर जिम्मेवारीपूर्ण व्यवहार गरेको कुरा प्रमाणित भएमा ।

५६. **असमर्थ कर्मचारीको सम्बन्धमा विशेष व्यवस्था:** कुनै प्रदेश निजामती कर्मचारी शारीरिक वा मानसिक रोगको कारणबाट नियमित रूपमा सेवा गर्न असमर्थ छ भनी प्रदेश सरकारले गठन गरेको मेडिकल

बोर्डबाट प्रमाणित भई आएमा प्रदेश सरकारले निजलाई निजको सेवा अवधिमा बढीमा सात वर्ष सेवा अवधि थप गरी अवकाश दिन सक्नेछ ।

तर प्रदेश सरकारको मेडिकल वोर्ड गठन नभएसम्म नेपाल सरकारले गठन गरेको मेडिकल वोर्डबाट प्रमाणित गराउनु पर्नेछ ।

५७. **स्वेच्छिक अवकाश:** (१) निवृत्तभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पूरा भएका प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारद्वारा प्रदेश राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्तमा स्वेच्छिक अवकाश लिन सक्नेछ । यसरी स्वेच्छिक अवकाश लिने कर्मचारीको ϒ**सेवा शर्तसँग सम्बन्धित प्रचलित संघीय कानूनले अनिवार्य अवकाशका लागि तोके बमोजिमको** उमेर ननाघ्ने गरी बढीमा सात वर्षसम्म सेवा अवधि थप गरी निवृत्तभरणको लागि जम्मा सेवा अवधि कायम गरिनेछ ।

तर दरबन्दी मिलान हुन नसकी फाजिलमा परेको वा प्रदेश सरकारलाई आवश्यक नभएका पदमा कार्यरत कर्मचारीको हकमा छुट्टै शर्त र सुविधा तोकी प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी स्वेच्छिक अवकाशको लागि निवेदन माग गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाउने अवस्था भएको, उमेरको हद बाउन्न वर्ष पुगेको र एउटै तहमा बाह्र वर्ष सेवा अवधि पूरा गरेको प्रदेश निजामती कर्मचारीले स्वेच्छिक अवकाश लिन चाहेमा निजलाई एक महिना अगावै साविकको तहभन्दा एक तह माथिल्लो तहमा बढुवा गरी स्वेच्छिक अवकाश दिन सकिनेछ ।

५८. **उपदानः** (१) पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको तर निवृत्तभरण पाउने अवधि नपुगेको प्रदेश निजामती कर्मचारीले अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहायको दरले उपदान पाउनेछः

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेको प्रदेश निजामती कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेको प्रदेश निजामती कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षभन्दा कम सेवा गरेको प्रदेश निजामती कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

(२) उपदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

♣**५८क. निवृत्तभरण**: (१) सरकारी सेवाबाट प्रदेशमा समायोजित कर्मचारीको हकमा बीस वर्ष वा सोभन्दा बढी अवधि सेवा गरी सेवाबाट अवकाश पाएमा, राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा

---

ϒ पहिलो संशोधनद्वारा संशोधित

♣ पहिलो संशोधनद्वारा थप

सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएको अवस्थामा देहाय बमोजिमको हिसाबले मासिक निवृत्तभरण पाउनेछः-

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{आखिरी तलबको रकम}}{५०}$$

**स्पष्टीकरण**: यस दफाको प्रयोजको लागि "सरकारी सेवा" भन्नाले निजामती सेवा ऐन, २०४९, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिम गठन भएका सेवा सम्झनु पर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सेवाबाट प्रदेशमा समायोजन भएको कर्मचारीको निवृत्तभरणको न्यूनतम रकम समान पदको बहालवाला कर्मचारीको तलबको सुरु अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला कर्मचारीको तलबको सुरु स्केलभन्दा बढी हुने छैन।

(३) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको सरकारी सेवाबाट प्रदेशमा समायोजित कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा बढीमा पाँच वर्ष अवधिसम्म थप गरी निजको परिवारलाई निवृत्तभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(४) कुनै सरकारी पदमा अघि गरेको सेवा बापत निवृत्तभरण पाइरहेको व्यक्ति पछि प्रदेश निजामती सेवाको पदमा नियुक्त भएमा निजले पछि गरेको सेवा अवधिमा अघि गरेको सेवा अवधि जोडी यस दफा बमोजिम निवृत्तभरण लिन पाउनेछ।

(५) यो ऐन प्रारम्भ भएपछि प्रदेश सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा द्वन्द्वका कारण वा दुर्घटनामा परी सरकारी सेवाबाट प्रदेशमा समायोजित कर्मचारीको अङ्गभङ्ग भएको वा चोटपटक लागेको कारणले शारीरिक वा मानसिक रूपमा सरकारी सेवाको लागि अशक्त भएमा त्यस्तो कर्मचारीको सेवा अवधि बीस वर्षभन्दा कम रहेछ भने बाँकी अवधि थप गरी उपदफा (१) बमोजिमको निवृत्तभरणको रकम आजीवन दिइनेछ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै पदमा कम्तीमा पन्ध्र वर्ष बहाल रहिरहेका कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारलाई साबिकको तहको पदभन्दा माथिल्लो पदको निवृत्तभरण लगायत अन्य सुविधा प्रदान गरिनेछ।

♣५८ख. **निवृत्तभरणमा वृद्धि**: बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाइ रकम समान पदका यस ऐन बमोजिम निवृत्तभरण प्राप्त गर्ने गरी निवृत्त भएको कर्मचारीको निवृत्तभरण रकममा पनि थप गरिनेछ।

---

♣ पहिलो संशोधनद्वारा थप

*५८ग. **<u>पारिवारिक निवृत्तभरण र उपदान</u>**: (१) कुनै कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको मृत्यु भएको सात वर्षसम्म र निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सात वर्ष पुग्न बाँकी अवधि निजको परिवारलाई दफा ५८ वा ५८क. मा लेखिए बमोजिम उपदान वा निवृत्तभरण प्राप्त हुनेछ।

तर प्रदेशमा समायोजन भएको कर्मचारीको सेवामा छँदै मृत्यु भएकोमा यस्तो निवृत्तभरण सात वर्षभन्दा बढी समय प्राप्त हुने छैन र निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएकोमा सात वर्ष अवधि व्यतित भएपछि निवृत्तभरण प्राप्त हुने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाउने व्यक्ति नाबालिग रहेछ भने निज बालिग नभएसम्म त्यस्तो निवृत्तभरण पाउनेछ।

(३) उपदफा (१) बमोजिमको पारिवारिक निवृत्तभरण त्यस्तो मृतक कर्मचारीको पति वा पत्नीले पाउने भएमा त्यस्तो कर्मचारीको सेवामा छँदै मृत्यु भएकोमा मृत्यु भएको सात वर्षपछि, निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएकोमा सात वर्ष अवधि व्यतित भएपछि र निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भई सकेपछि मृत्यु भएकोमा निज कर्मचारीको मृत्यु भएको मितिदेखि आजीवन निजले पाउने निवृत्तभरणको आधा रकम त्यस्तो पति वा पत्नीले पाउनेछ।

तर त्यस्तो पति वा पत्नीले अर्को विवाह गरेमा निजले त्यस्तो निवृत्तभरण पाउने छैन।

(४) कर्मचारीको निवृत्तभरण पाइरहेको पति वा पत्नीको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो कर्मचारीको नावालिक सन्तानले बालिग नभएसम्म त्यस्तो निवृत्तभरण रकम तोकिए बमोजिम पाउनेछ।

(५) बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ, त्यसको दुई तिहाई रकम उपदफा (१), (२), (३) र (४) बमोजिम पारिवारिक निवृत्तभरण पाइरहेको व्यक्तिले खाइपाई आएको पारिवारिक निवृत्तभरण रकममा पनि थप गरिनेछ।

(६) यस ऐन बमोजिम पाउने कुनै रकम लिन नपाउँदै कुनै कर्मचारीको मृत्यु भएमा सो रकम निजको परिवारका सदस्य वा निजमा आश्रित दाजु, भाइ, दिदी, बहिनीमध्ये यस ऐन बमोजिम निजको निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ।

(७) निवृत्तभरण वा उपदान दिँदा मृत कर्मचारीले आफ्नो परिवारको सदस्य वा आश्रित दाजु, भाइ, दिदी, बहिनी कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि नइच्छाएको भएमा क्रमश: त्यस्तो कर्मचारीको सगोलको पति वा पत्नी, छोरा छोरी, बाबु आमा, बाजे बज्यै, सासू, ससुरा र तोकिए बमोजिमका अन्य हकवालालाई दिइनेछ।

*५८घ. **<u>बेपत्ता भएको कर्मचारीको निवृत्तभरण र उपदान</u>**: (१) प्रदेशमा समायोजन भएको कर्मचारी हराई बेपत्ता भई दुई वर्षसम्म जीवित रहे नरहेको पत्ता नलागेमा त्यस्तो कर्मचारीले दफा ५८ वा ५८क.

* पहिलो संशोधनद्वारा थप

बमोजिम पाउने उपदान वा निवृत्तभरणको रकम दफा ५८ख. बमोजिम निजको हकवालालाई दिइनेछ।

(२) उपदफा (१) बमोजिम बेपत्ता भएको कर्मचारी पछि फेला परेमा दफा ५८ बमोजिमको उपदान भुक्तानी दिई नसकेको भए सो उपदान वा दफा ५८क. बमोजिम पाउने निवृत्तभरणको रकम निजले दाबी गर्न आएको मितिदेखि निजलाई नै दिइनेछ।

तर उपदफा (१) बमोजिम भुक्तानी दिई सकेको पारिवारिक निवृत्तभरण वा उपदान रकममा पछि फेला परेको व्यक्तिले दाबी गर्न पाउने छैन।

♣५८ङ. **सुविधा दाबी गर्नु पर्ने:** (१) सेवा निवृत्त हुने कर्मचारी वा निजको परिवारका सदस्यले यस ऐन तथा यस ऐन अन्तर्गत बन्ने नियम बमोजिम पाउने निवृत्तभरण, उपदान लगायतका सुविधा लिनको लागि सम्बन्धित कार्यालय मार्फत प्रदेश किताबखानामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको एक महिनाभित्र प्रदेश किताबखानाले सुविधा निर्धारण गरी निवृत्तभरण व्यवस्थापन कार्यालयमा पठाउनु पर्नेछ र निवृत्तभरण व्यवस्थापन कार्यालयले यसरी निवेदन प्राप्त भएपछि यथाशीघ्र निवृत्तभरण उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

♣५८च. **पारिवारिक निवृत्तभरण सम्बन्धी विशेष व्यवस्था**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि प्रदेश सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा द्वन्द्वका कारण वा दुर्घटनामा परी कुनै कर्मचारीको तत्काल मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा त्यस्तो कर्मचारीको सेवा अवधि बीस वर्ष पुगेको भएमा सेवा अवधिको आधारमा र बीस वर्ष नपुगेको भएमा बाँकी अवधि थप गरी निजको पति वा पत्नीलाई दफा ५८क. बमोजिमको निवृत्तभरणको रकम आजीवन दिइनेछ।

(२) उपदफा (१) बमोजिमको निवृत्तभरण प्राप्त गर्ने व्यक्तिले दफा ५८क. बमोजिम पारिवारिक निवृत्तभरण वा उपदान पाउने छैन।

(३) उपदफा (१) बमोजिम मृत्यु भएको कर्मचारीको पति, पत्नी वा नाबालक छोरा छोरी रहेनछन् र त्यस्तो कर्मचारीको आश्रित आमा बाबु दुबै वा तीमध्ये कुनै एक रहेछन् भने निजहरूको गुजाराको निमित्त उपदफा (१) बमोजिम हुने रकमको दुई तिहाइमा नबढ्ने गरी निवृत्तभरण बापत रकम दिइनेछ।

(४) बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम यस ऐन बमोजिम निवृत्तभरण पाइरहेका व्यक्तिले खाइपाई आएको पारिवारिक निवृत्तभरण रकममा पनि वृद्धि हुनेछ।

---

♣ पहिलो संशोधनद्वारा थप

(५) यस दफा बमोजिम निवृत्तभरण पाइरहेको व्यक्तिको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो निवृत्तभरणको रकम मृतक कर्मचारीको छोरा छोरी भए त्यस्ता छोरा छोरीले अठार वर्ष नभएसम्म तोकिए बमोजिम पाउनेछन्।

(६) कुनै कर्मचारी सरकारी कामको सिलसिलामा दुर्घटना वा द्वन्द्वमा परी घाइते भएमा वा अङ्गभङ्ग भएमा त्यस्तो कर्मचारीको सुविधा सम्पन्न अस्पतालमा उपचारको तत्काल व्यवस्था प्रदेश सरकारले मिलाउनेछ र निजको उपचारमा लाग्ने सम्पूर्ण खर्च समेत प्रदेश सरकारले व्यहोर्नेछ।

♣**५८छ. निवृत्तभरण नपाउने:** यस ऐन बमोजिम निवृत्तभरण वा पारिवारिक निवृत्तभरण पाइरहेको व्यक्तिले देहायको अवस्थामा त्यस्तो निवृत्तभरण प्राप्त गर्ने छैनः

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी त्यस्तो फैसला अन्तिम भएमा,

(ख) प्रचलित कानुन बमोजिम राज्य विरूद्धको कसुर मानिने फौजदारी अभियोगबाट कसुरदार ठहरी त्यस्तो फैसला अन्तिम भएमा,

(ग) बहुविवाह गरेको प्रमाणित भएमा,

(घ) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको प्रमाणित भएमा।

♣**५८ज. निवृत्तभरण सम्बन्धी व्यवस्था:** प्रदेश निजामती कर्मचारीको निवृत्तभरण सम्बन्धी कार्य प्रदेश निजामती किताबखानाले गर्नेछ।

५९. ϒ**योगदानमा आधारित निवृत्तभरण:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमूलक निवृत्तभरण सम्बन्धी कानुनमा उल्लेख भएको अवधि पछि नियुक्ति हुने कर्मचारीले योगदानमूलक निवृत्तभरण पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुभन्दा अघिदेखि नै निजामती सेवामा बहाल रहेको वा प्रदेशमा समायोजन भएको कर्मचारी खुला वा अन्तर सेवा प्रतियोगितामा छनौट भई वा बढुवा भई प्रदेश निजामती सेवामा निरन्तर रहेको भएमा निजको हकमा यो दफा आकर्षित हुने छैन।

(३) यस दफा बमोजिम दिइने निवृत्तभरण र सोसँग सम्बन्धित अन्य सुविधा प्रचलित कानुन बमोजिम स्थापना भएको निवृत्तभरण कोषबाट व्यहोरिनेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम योगदानमूलक निवृत्तभरण पाउने कर्मचारीले दफा ५७, दफा ५८ र दफा ५८क. बमोजिमका सुविधा पाउने छैन।

६०. **विशेष आर्थिक सुविधा:** (१) प्रदेश निजामती सेवाको पदमा कार्यरत कुनै कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई एकमुष्ठ पाँच लाख रुपैयाँ विशेष आर्थिक सुविधा प्रदान गरिनेछ।

---

♣ पहिलो संशोधनद्वारा थप

ϒ पहिलो संशोधनद्वारा संशोधित

(२) उपदफा (१) बमोजिमको रकम कर्मचारीको मृत्यु हुनुपूर्व कार्यरत रहेको कार्यालयको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आर्थिक मामिला मन्त्रालय मार्फत उपलब्ध गराउनेछ।

## परिच्छेद–९

## तालीम, अध्ययन र छात्रवृत्ति

६१. **तालीम सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले प्रदेश निजामती कर्मचारीको सीप र क्षमता वृद्धिको लागि आवश्यकता अनुसार तालीम दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रत्येक कार्यालय प्रमुख वा विभागीय प्रमुखले प्रत्येक आर्थिक वर्ष शुरु भएको एक महिनाभित्र आफ्नो मातहतका कर्मचारीको तालीम आवश्यकता पहिचान गरी त्यस्तो तालीम उपलब्ध गराउन आवश्यक पहल गर्नु पर्नेछ ।

(३) तालीम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६२. **अध्ययन, तालीम वा अध्ययन भ्रमणः** (१) प्रदेश सरकारको मन्त्रालय, आयोग वा सचिवालयले आफ्नो मातहतका कर्मचारीलाई अध्ययन, तालीम वा अध्ययन भ्रमणमा पठाउनको लागि प्रत्येक वर्ष सो सम्बन्धी विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि,-

(क) "तालीम" भन्नाले अध्ययन बाहेक कुनै संस्थाद्वारा निश्चित पाठ्यक्रम अनुसार निश्चित अवधिमा सञ्चालन हुने सीप आर्जन गर्ने प्रशिक्षण कार्यक्रम सम्झनु पर्छ ।

(ख) "अध्ययन" भन्नाले सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा शैक्षिक उपाधि हासिल गर्नको निमित्त गरिने अध्ययन सम्झनु पर्छ ।

(ग) "अध्ययन भ्रमण" भन्नाले अध्ययन र तालीम बाहेक बढीमा छ हप्ताको गोष्ठी, सेमिनार वा अवलोकन भ्रमण सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि अध्ययन, तालीम वा अध्ययन भ्रमणको लागि विषयगत आधारमा संख्या किटान गरी त्यसको विवरण उपदफा (३) बमोजिमको समितिमा पेश गर्नु पर्नेछ ।

[४](३) प्रदेश सरकारका निकायमा प्राप्त भएका अध्ययन, तालिम वा अध्ययन भ्रमणको बाँडफाँट गर्न देहाय बमोजिको समिति रहनेछः-

(क) प्रमुख सचिव, प्रदेश सरकार -अध्यक्ष

(ख) प्रदेश सचिव, आर्थिक मामिला मन्त्रालय -सदस्य

(ग) प्रदेश सचिव (कानुन), मुख्यमन्त्री तथा

[४] पहिलो संशोधनद्वारा संशोधित

मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) सचिव, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(ङ) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य सचिव

(४) उपदफा (३) बमोजिमको समितिले मापदण्ड बनाई सो बमोजिम अध्ययन, तालीम, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्नेछ ।

(५) उपदफा (३) बमोजिमको समितिले विषयवस्तु, आवश्यकता र औचित्यता हेरी उपदफा (४) बमोजिम वैदेशिक तालीम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्दा सबै सेवा, समूह वा उपसमूहका प्रदेश निजामती कर्मचारी तथा प्रदेशका अन्य सरकारी सेवाका कर्मचारीलाई न्यायोचित तवरले बाँडफाँट गर्नु पर्नेछ ।

(६) उपदफा (३) बमोजिमको समितिबाट स्वीकृत नगराई वैदेशिक तालीम, अध्ययन र अध्ययन भ्रमणमा पठाउन पाइने छैन। कसैले समितिको स्वीकृति नलिई कुनै प्रदेश निजामती कर्मचारीलाई मनोनयन गरेमा मनोनयन गर्ने अधिकारीलाई विभागीय सजाय गरिनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको समितिबाट भएको निर्णय बमोजिम दरखास्त दिई अध्ययनको अवसर पाएका र अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट छनौट भई अध्ययन गर्न जाने बाहेक निजी प्रयासमा अध्ययन गर्न जाने प्रदेश निजामती कर्मचारीलाई अध्ययन बिदा दिइने छैन ।

६३. **<u>अध्ययन, तालीम वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्नुपर्ने अवधिः</u>** प्रदेश सरकारको मनोनयनमा तीन महिनाभन्दा बढी अवधिको तालीम, अध्ययन वा अध्ययन भ्रमणमा जाने प्रदेश निजामती कर्मचारीले अध्ययन, तालीम वा अध्ययन भ्रमण पूरा गरेपछि उक्त अवधिको न्यूनतम दोब्बर अवधिसम्म अनिवार्य रुपले सेवा गर्नु पर्नेछ ।

६४. **<u>कबुलियत गर्नुपर्नेः</u>** (१) कुनै पनि प्रदेश निजामती कर्मचारीले सरकारी मनोनयनमा अध्ययन गर्न, तालीम लिन वा अध्ययन भ्रमणमा जानुअघि दफा ६३ बमोजिमको सेवा गर्ने गरी कबुलियत गर्नु पर्नेछ।

(२) अध्ययन, तालीम वा अध्ययन भ्रमण पूरा गरेको प्रदेश निजामती कर्मचारीले उपदफा (१) बमोजिमको न्यूनतम सेवा अवधि पूरा नगरी निजलाई अर्को पटक तीन महिना भन्दा बढी अवधिको तालीम, अध्ययन वा अध्ययन भ्रमणको लागि मनोनयन गरिने छैन ।

(३) उपदफा (१) बमोजिमको कबुलियत अनुसार सेवा अवधि पूरा नगरेमा त्यस्तो कर्मचारीबाट अध्ययन, तालीम वा अध्ययन भ्रमण अवधिभर निजले पाएको तलब भत्ता, निजले प्राप्त गरेको छात्रवृत्ति रकम तथा कबुलियतमा उल्लेख भएका अन्य रकमहरु समेत तोकिएको अवधिभित्र नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(४) अख्तियारवालाको पूर्वस्वीकृति लिई निजी प्रयासमा बेतलवी अध्ययन बिदामा जाने निजामती कर्मचारीले अध्ययन पूरा गरेपछि अध्ययन बिदा बराबरको अवधि सेवा गर्ने कबुलियत गर्नु पर्नेछ ।

(५) यस ऐन बमोजिम अध्ययन, तालीम वा अध्ययन भ्रमणमा जाने कर्मचारीले त्यस्तो कार्यक्रमको प्रत्येक सेमेस्टरको नतिजा वा प्रगति विवरण त्यस्तो नतिजा प्रकाशन भएको तीस दिनभित्र पदाधिकार रहेको निकाय, प्रदेश किताबखाना र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

(६) उपदफा (१) र (४) बमोजिम तालीम, अध्ययन वा अध्ययन भ्रमणमा गएका प्रदेश निजामती कर्मचारीले तालीम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि कबुलियत बमोजिमको सेवा अवधि पूरा नगरेमा त्यस्ता कर्मचारीको अध्ययन, तालीम वा अध्ययन भ्रमणको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

(७) उपदफा (३) बमोजिम रकम असुल उपर गर्दा सम्बन्धित कर्मचारीले पाउने रकमबाट असुल गर्नु पर्नेछ र त्यस्तो रकमबाट असुल गर्न नसकिएमा वा रकम अपुग भएमा सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन, तालीम वा अध्ययन भ्रमणमा गएको कर्मचारीको दफा ५४ बमोजिम अनिवार्य अवकाश भएको वा मृत्यु भएको कारणले दफा ६३ बमोजिमको सेवा अवधि पूरा गर्न नसकेमा निज वा निजको परिवारबाट कुनै रकम असुलउपर गरिने छैन ।

(९) तालीम, अध्ययन वा अध्ययन भ्रमणमा गएका प्रदेश निजामती कर्मचारी त्यस्तो तालीम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर हुनु पर्नेछ ।

## परिच्छेद– १०

## आचरण

६५. **समय पालन र नियमितताः** प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारबाट निर्धारित समयमा नियमित रूपले कार्यालयमा उपस्थित रही तोकिएको कार्य गर्नु पर्नेछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कार्यालयमा वा खटाइएको काम गर्ने स्थानमा अनुपस्थित हुनु हुँदैन ।

६६. **अनुशासन र आदेश पालनः** प्रदेश निजामती कर्मचारीले देहाय बमोजिमको अनुशासन र आदेशपालन गर्नु पर्नेछः-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परताको साथ पालना गर्नुपर्ने,

(ख) सरकारी कामसम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताका साथ पूरा गर्नुपर्ने,

(ग) आफूभन्दा माथिका सबै कर्मचारीप्रति उचित आदर देखाउनु पर्ने र आफू मातहतका कर्मचारीप्रति उचित व्यवहार गर्नुपर्ने,

(घ) विद्युतीय र सामाजिक सञ्जालको प्रयोग गरी सेवाको मूल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरीतका कार्यहरु गर्न गराउन नहुने ।

<u>स्पष्टीकरण:</u> यस खण्डको प्रयोजनका लागि "सामाजिक सञ्जाल" भन्नाले एस.एम.एस, फेसबुक, मेसेन्जर, भाइवर, ट्वीटर, यूटयूब, इन्स्टाग्राम, ब्लग, गुगल प्लस (+), टिकटक, ह्वाट्स एप, इमो, वीच्याट जस्ता सामाजिक सञ्जाल सम्झनु पर्छ ।

६७. **<u>राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने:</u>** कुनै पनि प्रदेश निजामती कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा स्वार्थ पूरा गर्ने मनसायले अन्य कर्मचारीमाथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

६८. **<u>राजनीतिक क्रियाकलापमा संलग्न हुन नहुने:</u>** प्रदेश निजामती कर्मचारीले राजनीतिक दल वा संगठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिनु हुँदैन ।

६९. **<u>सरकारको आलोचना गर्न नहुने:</u>** (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको नीतिको विपरीत हुने गरी वा नेपाली जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै पनि प्रदेश निजामती कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्नु, प्रेसलाई कुनै खबर दिनु, रेडियो वा टेलिभिजन आदिद्वारा भाषण प्रसारित गर्नु, कुनै सार्वजनिक भाषण दिनु वा कुनै वक्तव्य प्रकाशित गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन ।

७०. **<u>सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिबन्ध:</u>** (१) कुनै पनि प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारद्वारा अख्तियारी नपाई आफूले सरकारी कर्तव्य पालन गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय आफूले लेखेको वा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अरू अनधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा प्रेसलाई दिनु वा बताउनु हुँदैन । यो प्रतिबन्ध जुनसुकै कारणबाट सरकारी सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू हुनेछ ।

(२) उपदफा (१) विपरीत सरकारी सेवाबाट अवकाश पाएको व्यक्तिले सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गरेमा निजले यो ऐन बमोजिम पाउने सेवा सुविधा तोकिए बमोजिम रोक्का गर्न सकिनेछ ।

७१. **<u>दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्ध:</u>** (१) सरकारी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै पनि प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति बिना आफूले

वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिनु हुँदैन ।

(२) प्रदेश निजामती कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले प्रदेश सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ ।

७२. **कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने:** प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई कुनै बैंक वा कम्पनी वा सहकारी संस्थाको स्थापना गर्न वा सञ्चालनको काममा भाग लिन तथा कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्नु हुँदैन ।

७३. **अन्यत्र नोकरी वा सेवा गर्न नहुने:** (१) प्रदेश निजामती कर्मचारीले अख्तियारवालाको पूर्वस्वीकृति नलिई अन्यत्र कुनै प्रकारको नोकरी वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारको नीति विपरीत नहुने गरी साहित्यिक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, सांस्कृतिक, मानव कल्याण, परोपकार वा खेलकूद सम्बन्धी कार्य गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेश निजामती कर्मचारीले देहायको कार्य गर्न बाधा पुगेको मानिने छैनः-

(क) प्रचलित कानून बमोजिम अध्ययन बिदा लिई स्वदेशी वा विदेशी शैक्षिक संस्थामा अध्ययन गर्दाको बखत सम्बन्धित शैक्षिक संस्थामा कुनै सेवा पुर्‍याउन वा त्यस्तो संस्थाले लगाएको कुनै कार्य गर्न,

(ख) अख्तियारवालाको स्वीकृति लिई प्रदेश सरकारको नीति विपरीत नहुने गरी स्वदेश वा विदेशस्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न,

(ग) अख्तियारवालाको पूर्व स्वीकृति लिई कार्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न,

(घ) प्रदेश सरकारद्वारा सञ्चालित वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको प्रशिक्षण संस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी प्रशिक्षण सम्बन्धी कार्य वा अनुसन्धान गर्न,

(ङ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय शैक्षिक, प्राज्ञिक वा अनुसन्धानमूलक संघ संस्था वा नेपाल सदस्य राष्ट्र रहेको क्षेत्रीय वा अन्तर्राष्ट्रिय संघ संस्थाको सेवा सम्बन्धित सेवा, समूह, उपसमूहको लागि उपयोगी हुने देखि अख्तियारवालाले बिदा वा काज स्वीकृत गरेको निकायमा सेवा गर्न,

(च) आर्थिक लाभ वा कुनै सुविधा नलिने, कार्यालयको काममा बाधा नपर्ने र प्रदेश सरकारको अहित नहुने गरी आफ्नो पेशागत संगठन वा अन्य सामाजिक संस्थामा आबद्ध हुन ।

<u>स्पष्टीकरण:</u> यस खण्डको प्रयोजनको लागि "सामाजिक संस्था" भन्नाले सामाजिक आवश्यकता पूरा गर्ने सिलसिलामा परम्परादेखि समुदायमा आधारित भई समाजमा क्रियाशील रहेका सामाजिक संघ संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम दर्ता भएका साहित्य, कला, संस्कृति, खेलकूद, संगीत, विज्ञान, धर्म वा यस्तै अन्य कुनै विधा वा क्षेत्रसँग सम्बन्धित संस्थालाई समेत जनाउँछ।

(छ) प्रदेश निजामती कर्मचारीको योगदानमा आधारित सरकारी आयोजना तथा कार्यक्रममा लगानी गर्न ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश लोक सेवा आयोग वा सार्वजनिक नियकाबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको प्रक्रियामा संलग्न हुने कर्मचारीले त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिन र त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिएको ब्यक्तिले त्यसपछि एक वर्षसम्म सञ्चालन हुने त्यस्तो परीक्षाको प्रक्रियामा संलग्न हुन पाउने छैन।

(५) प्रदेश निजामती सेवाको एघारौं ≠** तहको पदबाट सेवा निवृत्त भएको व्यक्तिले प्रदेश सरकारको पूर्व स्वीकृति विना सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म देहायका काम गर्नु हुँदैनः-

(क) संवैधानिक वा कुटनीतिक नियुक्ति तथा नेपाल सरकार वा प्रदेश सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन,

(ख) दातृ निकायहरुबाट सञ्चालित आयोजनाहरुमा परामर्शदाताको रुपमा कार्य गर्न,

(ग) अध्यापन तथा प्रशिक्षण जस्ता स्वतन्त्र प्राज्ञिक काम बाहेक कुटनीतिक नियोग, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र गैर सरकारी तथा निजी संघ संस्थामा कर्मचारी, परामर्शदाता वा अन्य कुनै हैसियतमा काम गर्न ।

(६) उपदफा (५) विपरीतको काम गर्ने व्यक्तिले त्यस्तो काम गरेको अवधिभर यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको सेवा सुविधा लिन पाउने छैन ।

७४. **<u>निर्वाचनमा भाग लिन नहुने:</u>** प्रदेश निजामती कर्मचारीले कुनै पनि राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिनु, प्रचार–प्रसार गर्नु, जुलुस सभामा भाग लिनु, चन्दा दिनु वा कसैको लागि मत माग्नु वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्नु हुँदैन ।

तर कसैलाई मत दिएको वा दिने बिचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफुले पाएको मतदानको अधिकार प्रयोग गर्न बाधा पुग्ने छैन ।

---

≠ पहिलो संशोधनद्वारा झिकिएको

७५. **प्रदर्शन र हडताल गर्न प्रतिबन्धः** (१) प्रदेश निजामती कर्मचारीले प्रदर्शन गर्नु, बन्द हडतालमा भाग लिनु, थुनछेक गर्नु, बाधा अवरोध गर्नु, घेराउ गर्नु, जुलुसमा भाग लिनु, चन्दा दिनु वा कसैको लागि मत माग्नु वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्नु हुँदैन ।

(२) उपदफा (१) विपरीत कार्य गरी कुनै प्रदेश निजामती कर्मचारीले सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याएमा वा कुनै पदाधिकारीलाई शारीरिक वा मानसिक क्षति पुऱ्याएमा त्यस्तो प्रदेश निजामती कर्मचारीलाई विभागीय सजाय गरी क्षतिपूर्ति समेत भराइनेछ ।

७६. **प्रतिनिधित्व गर्न नहुनेः** प्रदेश निजामती कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारीसमक्ष निवेदन दिनु बाहेक अरू व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्नु हुँदैन ।

७७. **यौनजन्य दुर्व्यवहार गर्न नहुनेः** कुनै प्रदेश निजामती कर्मचारीले कसैलाई यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन ।

७८. **यातना दिन नहुनेः** प्रदेश निजामती कर्मचारीले कसैलाई यातना दिनु हुँदैन ।

७९. **सम्पत्ति विवरण पेश गर्नुपर्नेः** (१) प्रदेश निजामती कर्मचारीले प्रचलित कानून बमोजिम तोकिएको अवधिभित्र आफ्नो सम्पत्ति विवरण प्रदेश किताबखाना समक्ष पेश गर्नु पर्नेछ ।

तर प्रदेश किताबखाना स्थापना नहुन्जेलसम्म राष्ट्रिय किताबखाना समक्ष सम्पत्ति विवरण पेश गर्नु पर्नेछ ।

(२) सम्पत्ति विवरण सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

८०. **स्थायी आवासीय अनुमति लिन नहुनेः** (१) कुनै पनि प्रदेश निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा सोको लागि आवेदन दिनु हुँदैन ।

(२) कुनै प्रदेश निजामती कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त गरेको मितिले साठी दिनभित्र सम्बन्धित प्रदेश निजामती कर्मचारीले आफू कार्यरत कार्यालयमा सोको विवरण पेश गर्नु पर्नेछ ।

८१. **सामाजिक जवाफदेहिता वहन गर्नुपर्नेः** (१) संविधान र कानूनको पालना गरी सामाजिक जवाफदेहिता वहन गर्नु प्रदेश निजामती कर्मचारीको कर्तव्य हुनेछ ।

(२) प्रचलित कानूनको प्रतिकूल कार्य भएको देखिएमा सोको जानकारी गराउनु प्रदेश निजामती कर्मचारीको कर्तव्य हुनेछ ।

८२. **आचरण पालना गराउनेः** (१) विभागीय प्रमुख र कार्यालय प्रमुखले आफू र आफ्ना मातहतका कर्मचारीलाई यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम तोकिएको आचरणको पालना गर्नु गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आचरण पालना गर्नुपर्ने कर्मचारीले त्यस्तो आचरण उल्लङ्घन गरेमा अख्तियारवालाले समयमै विभागीय सजाय गर्नु पर्नेछ र त्यस्ता कार्यलाई कार्य सम्पादन मूल्याङ्कनको आधार बनाइनेछ ।

८३. **अन्य आचरण:** (१) प्रदेश निजामती कर्मचारीले आफ्नो कार्यालयमा काम गर्दा सबै प्रति शिष्ट व्यवहार गर्नु पर्नेछ ।

(२) प्रदेश निजामती कर्मचारीले आफ्नो कार्यालय तथा पद अनुसार आइपर्ने जिम्मेवारीलाई मर्यादापूर्वक बहन गरी निष्पक्ष, स्वच्छ तथा छिटो छरितो रुपमा कार्य सम्पादन गर्नु पर्नेछ ।

(३) प्रदेश निजामती कर्मचारीले कुनै पनि सरकारी सम्पत्तिको प्रयोग वा उपयोग घरायसी कार्यको लागि गर्नु हुँदैन ।

(४) प्रदेश निजामती कर्मचारीले सरकारी राजश्वबाट तलब भत्ता खाने गरी नियुक्त भएको कुनै पनि सरकारी कर्मचारीलाई कार्यालयको काममा बाहेक आफ्नो घरायसी काममा लगाउनु हुँदैन ।

८४. **सेवाग्राही प्रतिको व्यवहार:** (१) प्रदेश निजामती कर्मचारीले आफ्नो कामसँग सम्बन्धित सेवाग्राही प्रति मर्यादित व्यवहार गर्नु पर्नेछ ।

(२) सेवाग्राहीको कामसँग सम्बन्धित विषय, प्रकृया र कार्यसम्पादन गर्न लाग्ने समय समेतको स्पष्ट जानकारी सेवाग्राहीलाई यथासमयमा गराउनु पर्नेछ ।

८५. **आफ्नो सेवा र पदअनुसारको आचरण पालन गर्नुपर्ने:** प्रत्येक प्रदेश निजामती कर्मचारीले आफ्नो सेवा र पद अनुकूलको आचरण समेत पालना गर्नु पर्नेछ ।

८६. **चेतावनी दिन सक्ने:** कुनै प्रदेश निजामती कर्मचारीले समय पालना नगरेमा, सरकारी काम स्म्बन्धी कुरामा आफूभन्दा माथिल्लो कर्मचारीले दिएको आज्ञा पालन नगरेमा वा कार्यालय सम्बन्धी काममा लापरवाही वा ढिलासुस्ती गरेमा त्यस्तो कर्मचारीलाई सम्बन्धित सुपरिवेक्षकले कारण खोली चेतावनी दिन सक्नेछ र सो को अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत विवरण फायलमा राख्नु पर्नेछ ।

## परिच्छेद– ११

## सेवाको सुरक्षा

८७. **प्रदेश निजामती कर्मचारीको सेवाको सुरक्षा:** (१) प्रदेश निजामती कर्मचारीको सेवाको सुरक्षा: देहायको अवस्थामा बाहेक प्रदेश निजामती कर्मचारीलाई सफाइको सबुत दिने मनासिब माफिकको मौका नदिई प्रदेश निजामती सेवाबाट हटाइने वा बर्खास्त गरिने छैन :-

(क) भ्रष्टाचार, राष्ट्रविरुद्ध जासूसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीरबन्धक, जातीय छुवाछुत, जबरजस्ती करणी तथा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी त्यस्तो फैसला अन्तिम भएको,

(ख) सरकारवादी हुने फौजदारी कसूरमा एक वर्ष वा सो भन्दा बढी अवधि कैदमा नै बस्नुपर्ने ठहरी अन्तिम फैसला भएको,

(ग) भागी हराई वा वेपत्ता भई पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएमा ।

(घ) म्यादी पदमा बहाल रहेको ।

८८. **प्रदेश निजामती कर्मचारीको बचाउः** (१) प्रदेश निजामती कर्मचारीले आफ्नो ओहदाको कर्तव्य पालन सम्झी गरेको कुनै सरकारी कामको सम्बन्धमा निज उपर उपदफा (२) बमोजिमको रीत नपुऱ्याई मुद्दा चल्न सक्ने छैन ।

(२) उपदफा (१) बमोजिम कुनै प्रदेश निजामती कर्मचारी उपर मुद्दा चलाउनका लागि फौजदारी मुद्दाको हकमा अख्तियारवालाको अनुमति प्राप्त भएको हुनु पर्नेछ र देवानी मुद्दाको हकमा देहाय बमोजिम भएको हुनु पर्नेछः-

(क) मुद्दा चलाउने कारण तथा वादीको र निजको वारेस भएमा त्यस्तो वारेसको नाम र ठेगाना खोली लिखित सूचना अख्तियारवालालाई वा सम्बन्धित प्रदेश निजामती कर्मचारीलाई बुझाएको वा हुलाकद्वारा रजिष्ट्री गरी पठाएको र त्यसको एकप्रति नक्कल प्रदेश सरकारमा पेश भएको दुई महिना नाघेको,

(ख) मुद्दा चलाउने कारण भएको आठ महिनाभित्र मुद्दा दायर गरिसकेको ।

(३) कुनै प्रदेश निजामती कर्मचारी बहाल छँदा आफ्नो ओहदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि पनि प्रदेश सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन ।

(४) उपदफा (३) बमोजिम मुद्दा चलाउन प्रदेश सरकारले स्वीकृति दिएमा निजको प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ ।

८९. **प्रदेश निजामती कर्मचारीको सेवा शर्तको सुरक्षाः** प्रदेश निजामती कर्मचारी नियुक्ति हुँदाका बखत तत्काल लागू रहेको तलब, उपदान, निवृत्तभरण र अन्य सुविधासम्बन्धी सेवाका शर्तहरूमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन । त्यस्तो संशोधन हुनु अगावै वहाल रहेको कुनै प्रदेश निजामती कर्मचारीको उल्लिखित सेवाका शर्तहरुमा प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मन्जुर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन ।

## परिच्छेद-१२

## विभागीय सजाय र पुनरावेदन

९०. **विभागीय सजायः** उचित र पर्याप्त कारण भएमा प्रदेश निजामती कर्मचारीलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछः-

(क) सामान्य सजायः

(१) नसिहत दिने,

(२) दुई वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा दुई तलब बृद्धि रोक्का गर्ने,

(३) दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुई देखि पाँच तलब वृद्धिसम्म रोक्का गर्ने ।

(ख) विशेष सजायः

(१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

९१. **<u>नसिहत दिने वा बढीमा दुई तलब बृद्धि वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने :</u>** देहायको कुनै अवस्थामा प्रदेश निजामती कर्मचारीलाई नसिहत दिने वा बढीमा दुई तलब बृद्धि रोक्का गर्ने वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने सजाय गर्न सकिनेछ :-

(क) निजले सम्पादन गरेको काम सन्तोषजनक नभएमा,

(ख) प्रचलित कानून बमोजिम बरबुझारथ नगरेमा,

(ग) दफा ८६ बमोजिम एक वर्षमा दुई पटकसम्म लिखित चेतावनी पाएमा,

(घ) यो ऐन वा प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ङ) सेवाग्राहीको पीरमर्का र उजुरी पटक-पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(च) कार्य विवरण लागू गर्ने गराउने दायित्त्व भएको पदाधिकारीले सो कार्य नगरेमा ।

९२. **<u>दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुई देखि पाँच तलब वृद्धिसम्म रोक्का गर्ने</u>** : देहायको कुनै अवस्थामा प्रदेश निजामती कर्मचारीलाई दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुई देखि पाँच तलब वृद्धिसम्म रोक्का गर्ने सजाय गर्न सकिनेछः-

(क) अनुशासनहीन काम गरेमा,

(ख) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित आचरण सम्बन्धी कुराहरु उल्लङ्घन गरेमा,

(ग) प्रचलित कानून बमोजिम पेश्की फछ्र्यौट नगरेमा,

(घ) ब्यवस्थापन परीक्षणबाट देखिएका अनियमितता सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा,

(ङ) पूर्व स्वीकृति नलिई बराबर कार्यालयमा अनुपस्थित रहेमा,

(च) दफा ७३ को उपदफा (३) को अवस्थामा बाहेक अन्यत्र कुनै प्रकारको नोकरी गर्ने वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, बिशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गरेमा ।

९३. **सेवाबाट हटाउने वा बर्खास्त गर्नेः** (१) देहायको कुनै अवस्थामा प्रदेश निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) प्रदेश निजामती कर्मचारीले अयोग्यताको कारणले आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा,

(ख) आचरण सम्बन्धी कुरा बराबर उल्लङ्घन गरेमा,

(ग) कार्यालयको समयमा बराबर मादक पदार्थको सेवन गरेमा,

(घ) बराबर अनुशासनहीन कार्य गरेमा,

(ङ) राजनीतिमा भाग लिएमा,

(च) आफ्नो पदको जिम्मेवारीको बराबर बेवास्ता गरेमा,

(छ) बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(ज) मनासिब कारण भई बिदा स्वीकृत गराएकोमा बाहेक बैदेशिक अध्ययन, तालीम वा अध्ययन भ्रमणमा गएको प्रदेश निजामती कर्मचारी त्यस्तो अध्ययन, तालीम वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर नभएमा,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा प्रदेश निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछः-

(क) भ्रष्टाचार, राष्ट्रविरुद्ध जासूसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीरबन्धक, जातीय छुवाछुत, जबरजस्ती करणी तथा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी त्यस्तो फैसला अन्तिम भएको,

(ख) स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको प्रमाणित भएमा,

(ग) सरकारी सेवामा नियुक्ति हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा ।

९४. **बिभागीय कारबाही र सजाय सम्बन्धी बिशेष ब्यवस्था :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सो आयोगबाट र प्रचलित कानून बमोजिम सम्बन्धित निकायले कुनै प्रदेश निजामती कर्मचारीलाई बिभागीय कारबाही गर्न लेखी आएमा आवश्यक प्रक्रिया पुऱ्याई सोही बमोजिम बिभागीय सजाय गर्नु पर्नेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६५ विपरीत बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने प्रदेश निजामती कर्मचारीलाई गयल र तलब कट्टी गर्न सकिनेछ । यसरी गयल भएको अबधि सेवा अबधिमा गणना हुने छैन ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिदा स्वीकृत नगराई लगातार नब्बे दिनभन्दा बढी अबधि अनुपस्थित हुने कर्मचारीलाई गयल कट्टी गरी हाजिर गराउन सकिने छैन । हाजिर गराएमा त्यसरी हाजिर गराउने पदाधिकारीलाई दफा ९० बमोजिम बिभागीय सजाय हुनेछ र त्यसरी हाजिर गराएको कर्मचारीले खाएको तलब, भत्ता समेत त्यसरी हाजिर गराउने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

९५. **स्वयं घोषणा गरी बिवरण पेश गर्नु पर्ने :** (१) यो दफा प्रारम्भ हुनु अघि स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमतिका लागि आबेदन दिएको प्रत्येक कर्मचारीले यो दफा प्रारम्भ भएको मितिले तीस दिनभित्र सोको स्वयं घोषणा गरी देहाय बमोजिमको बिवरण आफू कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछः-

(क) आफ्नो नाम, थर, सेवा, समूह, उपसमूह र हालको पद,

(ख) स्थायी आवासीय अनुमति लिएको भए सो लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आबेदन दिएको भए सोको मिति,

(ग) सम्बन्धित बिदेशी मुलुकको नाम,

(घ) आफूले लिएको स्थायी आबासीय अनुमति परित्याग गर्न वा त्यस्तो अनुमतिको लागि दिएको आबेदन रद्द गराउन इच्छुक भए, नभएको ।

(२) कुनै प्रदेश निजामती कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आबासीय अनुमति लिएको भएमा यो दफा प्रारम्भ भएको मितिले तीस दिनभित्र सम्बन्धित प्रदेश निजामती कर्मचारीले आफू कार्यरत कार्यालयमा उपदफा (१) बमोजिमको बिवरण पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको बिवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले सोको बिवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

९६. **जानकारी दिन सकिने:** (१) दफा ८० विपरीत कुनै प्रदेश निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो व्यक्तिले सो जानकारी सम्बन्धित प्रदेश निजामती कर्मचारी कार्यरत कार्यालय वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले त्यस्तो जानकारी प्राप्त भएको मितिले सात दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम वा अन्य कुनै स्रोतबाट कुनै प्रदेश निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दफा ८० उपदफा (२) बमोजिमको अवधि ब्यतित भएपछि त्यस्तो प्रदेश निजामती कर्मचारीको सम्बन्धमा छानविन गर्न बिभागीय सजाय दिने अधिकारीलाई लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा विभागीय सजाय दिने अधिकारीले त्यस्तो प्रदेश निजामती कर्मचारीको सम्बन्धमा तीन दिनभित्र छानबिन प्रारम्भ गरी सोको जानकारी यथाशिघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम छानबिन गर्दा विभागीय सजाय दिने अधिकारीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा अन्य कुनै सरकारी निकायसँग कुनै कुराको जानकारी वा सहयोग माग गर्न सक्नेछ र त्यस्तो जानकारी वा सहयोग उपलव्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(६) यस दफा बमोजिम छानविन र कारवाही गर्दा कुनै प्रदेश निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको देखिएमा निजलाई तीन महिनाभित्र प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी यस ऐन बमोजिम सजाय गरी सोको जानकारी पन्ध्र दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

९७. **विभागीय सजाय दिने अधिकारी:** (१) निजामती कर्मचारीलाई दफा ९० को खण्ड (ख) बमोजिमको विशेष सजायको आदेश दिने अधिकार देहायको अधिकारीलाई हुनेछ :-

(क) अधिकृत एघारौं तह वा सो सरहको पद र सोभन्दा माथिको पदमा कार्यरत प्रदेश निजामती कर्मचारीलाई प्रदेश सरकार,

(ख) अधिकृत छैठौं, सातौं, आठौं, नवौं र दशौं तह वा सो सरहको पदमा कार्यरत प्रदेश निजामती कर्मचारीलाई प्रदेश सरकारको प्रमुख सचिव वा सो सरहको अधिकारी,

(ग) सहायक तेस्रो, चौंथो र पाचौं तह वा सो सरहको पदमा कार्यरत प्रदेश निजामती कर्मचारीलाई विभागीय प्रमुख वा निज कार्यरत कार्यालयको अधिकृतस्तरको कार्यालय प्रमुख ।

(२) दफा ९० को खण्ड (क) बमोजिमको सजायको आदेश दिने अधिकारी तोकिए बमोजिम हुनेछ ।

९८. **विभागीय सजाय दिने अधिकार सुम्पन सक्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी दफा ९७ बमोजिम सजायको आदेश दिने कुनै अधिकारीको अधिकारलाई सोही सूचनामा तोकिएको अधिकारीले तोकिएको अवधिसम्मको लागि प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ ।

९९. **निलम्बन गर्ने:** (१) कुनै प्रदेश निजामती कर्मचारीको सम्बन्धमा दफा ९३ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म उक्त कर्मचारीलाई सजायको आदेश दिन पाउने अधिकारीले निलम्बन गर्न सक्नेछ ।

तर देहायको अवस्था नभई साधारणतया निलम्बन गरिने छैनः–

(क) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा झुठ्ठा सबूत प्रमाण संकलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबूत प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा,

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिँदा सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा, वा

(ग) सरकारी कामको सिलसिलामा गरेको कामको सम्बन्धमा अदालतमा सरकारवादी भई मुद्दा दायर भएमा ।

(२) प्रदेश निजामती कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने अभियोगको सूचना दिनुका साथै निजलाई सजायको आदेश दिन पाउने अधिकारीले निलम्वन समेत गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम कुनै प्रदेश निजामती कर्मचारीलाई निलम्बन गर्दा साधारणतया साठी दिनभन्दा बढी गरिने छैन । सो अवधिभित्रै त्यस्तो कर्मचारी उपरको कारवाही किनारा लगाउनु पर्नेछ । कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारवाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा अख्तियारवालाको पूर्वस्वीकृति लिई तीस दिनसम्म निलम्बनको अवधि बढाउन सकिनेछ ।

(४) भ्रष्टाचार, राष्ट्रविरुद्ध जासूसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीरबन्धक, जातीय छुवाछुत, वहुविवाह, जबरजस्ती करणी तथा नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको खण्डमा त्यसरी थुनिएको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ ।

१००. **निलम्बनको समाप्तिः** कुनै प्रदेश निजामती कर्मचारी कुनै कारणले आफ्नो पदमा पुनः स्थापित भएमा, दफा ९९ को उपदफा (३) बमोजिमको अवधि पूरा भएमा, निलम्बन फुकुवा भएमा, सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा वा निजलाई लागेको अभियोगबाट सफाई पाएमा निजको निलम्बन समाप्त हुनेछ ।

१०१. **सफाइ पेश गर्ने मौका दिनुपर्नेः** (१) विभागीय सजाय दिन पाउने अधिकारीले कुनै प्रदेश निजामती कर्मचारीलाई सजाय दिने आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारणको उल्लेख गरी सो कर्मचारीलाई कम्तीमा सात दिनको म्याद दिई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

तर प्रदेश सरकारले सजायको आदेश दिनु पर्नेमा त्यसरी सफाईको मौका दिने प्रयोजनको लागि कुनै अधिकारीलाई अधिकार प्रत्यायोजन गरेको अवस्थामा त्यस्तो अधिकारीले सम्बन्धित कर्मचारीलाई सफाईको मौका दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रूपले किटिएको र प्रत्येक आरोप कुन-कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सफाईको मौका दिइएकोमा सम्बन्धित प्रदेश निजामती कर्मचारीले पनि म्यादभित्र आफ्नो सफाइ पेश गर्नु पर्नेछ र यसरी पेश हुन आएको सफाईलाई सम्बन्धित अधिकारीले गम्भीरतापूर्वक लिनु पर्नेछ ।

(४) विभागीय सजायको आदेश दिने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । त्यस्तो आरोप वा अभियोग जाचबुझ गर्ने अधिकृतले तोकिए बमोजिमको कार्यविधिको पालना गर्नु पर्नेछ ।

१०२. **<u>विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नुपर्ने:</u>** विशेष सजायको आदेश दिनुभन्दा पहिले दफा १०१ बमोजिम सफाइ पेश गर्न दिइएको म्यादभित्र सफाइ पेश नगरेमा वा पेश हुन आएको सफाइ सन्तोषजनक नभएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो प्रदेश निजामती कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ ।

१०३. **<u>प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्ने:</u>** (१) विभागीय सजाय गर्ने सम्बन्धमा सम्बन्धित प्रदेश निजामती कर्मचारीले दफा १०१ बमोजिम दिएको सफाइ वा दफा १०२ बमोजिम दिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा म्यादभित्र सफाइ वा स्पष्टीकरण प्राप्त नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नुपर्ने देखिएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी प्रदेश लोकसेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परामर्श माग गरेकोमा प्रदेश लोकसेवा आयोगले एक महिनाभित्र आवश्यक परामर्श उपलब्ध गराउनु पर्नेछ ।

१०४. **<u>सजाय सम्बन्धी निर्णय गर्नेः:</u>** (१) दफा १०३ बमोजिम प्रदेश लोकसेवा आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको आदेश दिने अधिकारीले उपलब्ध सबुत प्रमाणको मूल्याङ्कन गरी पन्ध्र दिनभित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णयको जानकारी यथाशिघ्र सम्बन्धित कर्मचारी र कार्यालयलाई दिनु पर्नेछ ।

१०५. **<u>सजायको अभिलेख:</u>** (१) कुनै प्रदेश निजामती कर्मचारी उपर विभागीय सजाय भएमा सम्बन्धित कार्यालयले सोको अभिलेख राखी आफ्नो तालुक विभाग वा केन्द्रीय निकाय, सेवा समूह, उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकाय र प्रदेश कितावखानामा समेत पठाउनु पर्नेछ ।

(२) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले आफूले सञ्चालन गर्ने सेवा, समूह, उपसमूहका प्रत्येक प्रदेश निजामती कर्मचारीको विभागीय सजायको अभिलेख राख्नु पर्नेछ ।

१०६. **<u>पुनरावेदन सुन्ने निकाय :</u>** यस ऐन बमोजिम दिइएको विभागीय सजायको आदेश उपर पुनरावेदन सुन्ने निकाय संघीय कानून बमोजिम हुनेछ ।

१०७. **<u>निर्णयमा असर नपर्ने:</u>** कुनै प्रदेश निजामती कर्मचारीको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम अख्तियार प्राप्त अधिकारीले गरेको काम कारवाहीमा तात्विक असर नपर्ने सानोतिनो त्रुटिबाट निर्णयमा असर पर्ने छैन ।

परिच्छेद-१३

स्थानीय सेवा सम्बन्धी व्यवस्था

१०८. **स्थानीय सेवाको गठन तथा सेवा र शर्तः** (१) स्थानीय सेवाको गठन, सञ्चालन तथा सेवा र शर्त सम्बन्धी ब्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कानूनको ब्यवस्था नभएसम्म प्रदेश सरकारले सम्बन्धित स्थानीय तहसँग समेत समन्वय गरी स्थानीय सेवाका कर्मचारीको परिचालन र कामकाज सम्बन्धी आवश्यक ब्यवस्था गर्न सक्नेछ ।

१०९. **स्थानीय तहको दरबन्दी निर्धारण तथा स्वीकृतिः** (१) ***प्रदेश सरकारले बनाएको मापदण्ड बमोजिम** स्थानीय तहको संगठन संरचना सर्वेक्षण, दरबन्दी संख्या तथा पद संख्या निर्धारण गरी सोको प्रतिवेदन स्थानीय तहले प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) स्थानीय तहले आफ्नो निकायको संगठन संरचना र दरबन्दी स्वीकृत गर्नु पूर्व प्रदेश सरकारको सहमति लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत दरबन्दी र संगठन संरचना प्रदेश किताबखानामा दर्ता भएपछि लागू हुनेछ ।

११०. **स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतः** (१) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद प्रदेश निजामती सेवाको पद हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत दरबन्दी बमोजिमका अधिकृत कर्मचारीलाई प्रदेश सरकारले प्रमुख प्रशासकीय अधिकृतको पदमा पदस्थापना वा सरुवा गर्नेछ ।

परिच्छेद-१४

विविध

१११. **प्रदेश निजामती कर्मचारीले पाउने विदाः** प्रदेश निजामती कर्मचारीले देहायका बिदा तोकिए बमोजिम पाउने छन् :-

(क) भैपरी आउने र पर्व बिदा,
(ख) घर बिदा,
(ग) बिरामी बिदा,
(घ) प्रसूति बिदा,
(ङ) प्रसूति स्याहार बिदा,
(च) किरिया बिदा,
(छ) अध्ययन बिदा,
(ज) पर्यटन बिदा

* पहिलो संशोधनद्वारा थप

(झ) असाधारण बिदा ।

११२. **बेतलबी बिदाः** (१) प्रदेश निजामती कर्मचारीको पति वा पत्नी विदेशस्थित नेपाली राजदूतावास वा कुनै नियोगमा खटिई गएमा त्यस्तो प्रदेश निजामती कर्मचारीले तोकिए बमोजिम बेतलबी बिदा पाउनेछ । यसरी पाउने बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

(२) सम्बन्धित सेवा समूहलाई उपयोगी हुने विषयमा प्रदेश निजामती कर्मचारीले निजी प्रयासमा अध्ययन गर्न चाहेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पूर्वस्वीकृति लिई पटकपटक गरी वा एकै पटक बढीमा तीन वर्षको लागि वेतलबी बिदा पाउन सक्नेछ । यस बमोजिमको बिदाको अवधि निजको सेवाअवधिमा गणना गरिनेछ ।

११३. **भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएका कर्मचारीले पाउने सुविधाः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९० को खण्ड (ख) को उपखण्ड (२) बमोजिम सेवाबाट बर्खास्त भएको प्रदेश निजामती कर्मचारीले दफा ५३ बमोजिमको संचयकोष, दफा ५९ बमोजिमको योगदानमा आधारित निवृत्तभरण र यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको बीमा वापत जम्मा भएको रकम बाहेक यस ऐन बमोजिमको अन्य कुनै सुविधा पाउने छैन ।

११४. **अधिकार प्रत्यायोजनः** (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको प्रदेश निजामती कर्मचारी वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

तर यस ऐन बमोजिम प्राप्त अधिकारहरु यस ऐन बाहेक अन्य ऐनबाट प्रत्यायोजन गर्न सकिने छैन ।

(२) यस ऐन बमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी निजले आफू मुनिका प्रदेश निजामती कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

११५. **व्यवस्थापन परीक्षणः** (१) प्रदेश लोकसेवा आयोगको कार्यक्षेत्रभित्रका विषयहरू बाहेक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश सरकारका विभिन्न निकायहरूमा कार्यरत प्रदेश निजामती कर्मचारीले प्रचलित कानून तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरू पालन गरे नगरेको सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरी व्यवस्थापन परीक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन परीक्षण गर्दा आवश्यकता अनुसार निर्देशन दिन तथा कुनै प्रदेश निजामती कर्मचारीउपर विभागीय सजाय गर्नु पर्ने देखिएमा सम्बन्धित अधिकारीलाई लेखी पठाउन सकिनेछ ।

११६. **प्रदेश निजामती सेवामा पुनः बहाली भएमा पाउने सुविधाः** (१) कुनै प्रदेश निजामती कर्मचारीलाई दफा ९० को खण्ड (ख) बमोजिम विशेष सजाय भएकोमा सो सजाय अदालतबाट बदर भई निज सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको

मितिदेखि सेवामा पुनः कायम भएको मितिसम्मको बाँकी तलब, भत्ता, चाडपर्व खर्च र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

(२) यो ऐन प्रारम्भ हुन अघि प्रदेश निजामती सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको प्रदेश निजामती कर्मचारी अदालतको आदेशद्वारा प्रदेश निजामती सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले समेत उपदफा (१) बमोजिम तलब, भत्ता र तलबवृद्धि पाउनेछ ।

११७. **नोकरी नथामीने:** कुनै प्रदेश निजामती कर्मचारीले दफा ९० को खण्ड (ख) बमोजिम विशेष सजाय पाएकोमा पुनरावेदन परी निजको सेवा पुनःस्थापित हुने भएमा सो निर्णयको सूचना पाएको तीस दिन वा निर्णय भएको एक वर्ष मध्ये जुन पहिले हुन्छ सो अवधिभित्र सम्बन्धित कार्यालयमा उपस्थित हुन नआएमा निजको नोकरी थामिने छैन ।

११८. **प्रदेश निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनः** (१) प्रदेश निजामती कर्मचारीले यस ऐनको अधीनमा रही ट्रेड युनियन गठन गर्न सक्नेछन् ।

(२) आधिकारिक ट्रेड युनियनको निर्वाचन प्रत्येक तीन वर्षमा तोकिए बमोजिम हुनेछ ।

तर यस ऐन बमोजिम आधिकारिक ट्रेड युनियनको निर्वाचन नभएसम्म प्रचलित कानून बमोजिम दर्ता भएको राष्ट्रियस्तरका ट्रेड युनियन यस ऐन बमोजिम निर्वाचित भएको मानिनेछ ।

(३) प्रदेश आधिकारिक ट्रेड युनियनको निर्वाचन प्रयोजनको लागि तोकिए बमोजिम प्रदेश स्तरको निजामती कर्मचारीको ट्रेड युनियन दर्ता गर्नु पर्नेछ । यसरी ट्रेड युनियन दर्ता गर्दा सेवागत, लैंगिक, पदीय वा क्षेत्रगत आधारमा गरिने छैन ।

(४) उपदफा (३) बमोजिम नयाँ ट्रेड युनियन दर्ताका लागि राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश किताबखानाबाट संकेत नम्बर प्राप्त गरेका उपदफा (७) बमोजिमका निजामती कर्मचारी ट्रेड युनियनको सदस्यता प्राप्त गर्न योग्य प्रदेश निजामती कर्मचारीको कूल संख्याको बीस प्रतिशत कर्मचारीको हस्ताक्षर सहित ट्रेड युनियन दर्ताका लागि तोकिएको निकायमा निवेदन दिनु पर्नेछ।

(५) आधिकारिक ट्रेड युनियनले कर्मचारीको सामूहिक हकहितको संरक्षण तथा सम्बर्द्धनका लागि तोकिए बमोजिम सामूहिक सौदाबाजी गर्न तथा कानूनमा भएको व्यवस्थाको कार्यान्वयन गर्न तोकिए बमोजिम सामाजिक संवादमा सहभागी हुन पाउनेछ ।

(६) आधिकारिक ट्रेड युनियन बाहेक अन्य कुनैपनि युनियनले वा प्रदेश निजामती कर्मचारीको समूहले सामूहिक मागदावी पेश गर्न पाउने छैनन् । आधिकारिक ट्रेड युनियनले माग पूरा गर्नको लागि तोकिएको प्रक्रिया बमोजिम वार्ता गर्ने, छलफल गर्ने तथा मध्यस्थताको माध्यम बनाउने बाहेक हडताल वा काम बन्द गर्न पाउने छैनन् ।

(७) कार्यालय प्रमुख भई काम गर्नुपर्ने र चिकित्सक बाहेक अधिकृतस्तर आठौं तहसम्मका वा सो भन्दा मुनिका कर्मचारी प्रदेश निजामती कर्मचारीको ट्रेड युनियनमा सहभागी हुन सक्नेछन् ।

(८) प्रदेश निजामती सेवामा सुधार, सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि र नीति तथा मापदण्ड निर्माणमा सरकारलाई रचनात्मक सहयोग गर्नु आधिकारिक ट्रेड युनियन तथा यस दफा बमोजिम दर्ता भएका प्रदेश निजामती कर्मचारी ट्रेड युनियनको कर्तव्य हुनेछ ।

(९) प्रदेश निजामती सेवालाई तटस्थ, मर्यादित, भ्रष्टाचारमुक्त, अनुशासित, जनमुखी, परिणाममुखी र व्यावसायिक बनाउन क्रियाशील हुनु आधिकारिक ट्रेड युनियन तथा यस दफा बमोजिम दर्ता भएका प्रदेश निजामती कर्मचारी ट्रेड युनियनको जिम्मेवारी हुनेछ ।

(१०) एउटै व्यक्ति दुई कार्यकाल भन्दा बढी प्रदेश आधिकारिक ट्रेड युनियनको अध्यक्ष पदमा रहने छैन ।

(११) प्रदेश आधिकारिक ट्रेड युनियन तथा प्रदेश निजामती कर्मचारी ट्रेड युनियनको कार्यसमितिको पदाधिकारी वा सदस्य भएको कारणले कुनैपनि प्रदेश निजामती कर्मचारीले पदीय जिम्मेवारी बमोजिमको काम गर्नबाट उन्मुक्ति वा छुट पाउने छैन । आफ्नो पदीय जिम्मेवारी पूरा गर्नु त्यस्तो पदाधिकारी तथा सदस्यको कर्तव्य हुनेछ ।

(१२) ट्रेड युनियन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

११९. **प्रदेश निजामती कर्मचारीको पीरमर्का, गुनासो र सुनुवाइको व्यवस्थाः** (१) प्रदेश निजामती कर्मचारीले यस ऐन वा प्रचलित कानून बमोजिम अन्यत्र उजुरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकोमा बाहेक यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमबमोजिम प्रदान गरिएका सेवा, शर्त, सुविधा र प्रदेश निजामती कर्मचारीसँग सरोकार राख्ने कुनै पनि विषयमा आफूलाई मर्का परेको छ भन्ने लागेमा वा सो सम्बन्धमा सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि कारबाही नभएमा निजले आफूलाई परेको पीरमर्का तथा गुनासो मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तोकिए बमोजिम राख्न सक्नेछ ।

(२) प्रदेश निजामती कर्मचारीको पीरमर्का, गुनासो र सुनुवाइ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२०. **बरबुझारथ गर्नुपर्नेः** कुनै प्रदेश निजामती कर्मचारीले आफूले बुझाउनु पर्ने नगदी, जिन्सी वा कागजात तोकिएको म्यादभित्र सम्बन्धित कर्मचारीलाई बुझाई दिनु पर्नेछ र सो बुझ्नु पर्नेले पनि सोही म्यादभित्र बुझी लिनु पर्नेछ ।

१२१. **अपाङ्गता भएका कर्मचारीका लागि विशेष व्यवस्थाः** अपाङ्गता भएका कर्मचारीको अपाङ्गताको अवस्थालाई ध्यान दिई सम्भव भएसम्म उपयुक्त स्थानमा पदस्थापन वा सरुवा गरिनेछ ।

१२२. **कर्मचारी कल्याण कोषको स्थापना र सञ्चालनः** (१) प्रदेश निजामती सेवाका बहालवाला कर्मचारी, अवकाश प्राप्त व्यक्ति र निजको परिवारको कल्याणको लागि तोकिए बमोजिमको कर्मचारी कल्याणकारी कोष स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कल्याणकारी कोषको सञ्चालन तथा ब्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

१२३. **<u>सेवा निबृत प्रदेश निजामती कर्मचारीको सेवा लिन सक्ने:</u>** (१) प्रदेश निजामती कर्मचारी सेवाबाट अवकाश प्राप्त गरी निवृत्तभरण पाइरहेका कर्मचारीसँग प्रदेश सरकारले आवश्यक सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा उपलब्ध गराउनु त्यस्ता सेवा निवृत्त कर्मचारीको कर्तव्य हुनेछ ।

१२४. **<u>कर्मचारी अभिलेख सम्बन्धी व्यवस्था:</u>** (१) प्रदेश निजामती सेवाका कर्मचारीको अभिलेख प्रदेश किताबखानाले राख्नेछ ।

(२) प्रदेश किताबखानाको स्थापना नहुन्जेलसम्म कर्मचारीको अभिलेख राष्ट्रिय किताबखानामा रहनेछ ।

(३) प्रदेश किताबखानाको स्थापना भए पश्चात कर्मचारीको विवरण राष्ट्रिय किताबखानाबाट माग गरी प्रदेश किताबखानाले व्यवस्थापन गर्नेछ ।

१२५. **<u>पुरस्कृत गर्ने सम्बन्धी व्यवस्था:</u>** (१) प्रदेश सरकारले प्रदेशमा कार्यरत प्रदेश निजामती कर्मचारीलाई तोकिए बमोजिमको पुरस्कारबाट पुरस्कृत गर्न सक्नेछ ।

(२) पुरस्कार सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२६. **<u>प्रदेश निजामती कर्मचारी अस्पताल:</u>** (१) प्रदेश निजामती कर्मचारी तथा निजको परिवारलाई उपचार गर्न प्रदेश निजामती कर्मचारी अस्पतालको आवश्यक व्यवस्था गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश निजामती कर्मचारी अस्पतालको ब्यवस्था नभएसम्म प्रदेश सरकारले प्रदेश अन्तर्गतको कुनै अस्पताललाई उपचारको लागि तोक्नेछ ।

१२७. **<u>सेवा अवधिको गणना:</u>** यस ऐन अन्तर्गत प्रदेश निजामती कर्मचारीको सेवा अवधि गणना गर्दा संघीय निजामती सेवामा कामकाज गरेको सेवा अवधि समेत गणना गरिनेछ ।

♣**१२७क. <u>सेवा अवधि जोडिने</u>**ः संघीय वा जुनसुकै प्रदेशको निजामती सेवाको कर्मचारी वा जुनसुकै स्थानीय तहमा स्थायी नियुक्ति भएको कर्मचारी आयोगको पदपूर्ति प्रक्रियाद्वारा प्रदेशको कुनै निकायमा नियुक्त वा पदस्थापन भई साविकको निकायबाट रमाना लिई हाजिर भएमा साविकमा गरेको सेवा अवधि निजको सेवा अवधिमा जोडिनेछ।

♣**१२७ख. <u>यस ऐन बमोजिम सुविधा नपाउने</u>**ः (१) प्रदेशभित्र समायोजन भएका वा लोक सेवा आयोग वा आयोगको सिफारिसमा पदपूर्ति भएकोमा बाहेक संघ वा अन्य प्रदेश वा जुनसुकै स्थानीय तहबाट कामकाज वा काजमा खटिएका कर्मचारीले यो ऐन बमोजिम हुने तह वृद्धि, बढुवा, उपदान, निवृत्तभरण लगायतका सुविधा पाउने छैन।

(२) प्रदेश सरकारका निकायले आफ्नो निकाय मातहत पदाधिकार रहेका कर्मचारी बाहेक अन्य निकायबाट कामकाज वा काजमा खटिएका कर्मचारीको सम्बन्धमा यस ऐनमा लेखिएदेखि बाहेक उपदफा (१) बमोजिमको सुविधा दिने गरी निर्णय गर्न पाउने छैन।

---

♣ पहिलो संशोधनद्वारा थप

१२८. **सन्तती छात्रवृति सम्बन्धी व्यवस्थाः** निजामती कर्मचारीका सन्ततीलाई तोकिएको आधार तथा मापदण्ड बमोजिम छात्रवृत्ति दिइनेछ ।

१२९. **संघीय निजामती कर्मचारी सम्बन्धी ब्यवस्थाः** (१) प्रदेश निजामती सेवाका कर्मचारीबाट सेवा प्रवाह गर्न अपुग भएमा प्रदेश सरकारले नेपाल सरकारसँग कर्मचारी माग गर्न सक्नेछ ।

(२) प्रदेश निजामती सेवाका कर्मचारीहरू सचिव र प्रमुख सचिव पदमा बढुवा नहुन्जेलसम्म उपदफा (१) बमोजिम खटिएका राजपत्रांकित बिशिष्ट श्रेणीका कर्मचारीलाई प्रमुख सचिवमा र राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीलाई मन्त्रालयका सचिवमा कामकाज गराउन सकिनेछ ।

(३) प्रदेश निजामती सेवाका सम्बन्धित सेवा समूहका कर्मचारीहरू उपलब्ध नभएमा मात्र सो सेवा समूहका पदमा संघीय निजामती सेवाका कर्मचारीलाई खटाउन सकिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश अन्तर्गतका कार्यालयहरूको कार्यालय प्रमुख पदमा प्रदेश निजामती कर्मचारी अपुग भएमा मात्र संघीय निजामती कर्मचारीलाई कार्यालय प्रमुखको रूपमा खटाइनेछ ।

(५) प्रदेश सरकारले यस दफा बमोजिम खटिएका संघीय निजामती कर्मचारीको कामको मूल्याङ्कन गरी पुरस्कार र कारबाहीको लागि नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

♣(६) यस दफा बमोजिम खटिएका संघीय निजामती कर्मचारीको समकक्षता देहाय बमोजिम निर्धारण गरिनेछः-

| क्र.सं. | श्रेणी | तह |
|---|---|---|
| (क) | राजपत्राङ्कित प्रथम | अधिकृत एघारौं |
| (ख) | राजपत्राङ्कित द्वितीय | उपसचिव पदमा पाँच वर्ष सेवा अवधि नपुगेका अधिकृत नवौं र पाँच वर्ष सेवा अवधि पुगेका अधिकृत दशौं |
| (ग) | राजपत्राङ्कित तृतीय | पाँच वर्ष सेवा अवधि नपुगेका अधिकृत सातौं र पाँच वर्ष सेवा अवधि पुगेका अधिकृत आठौं |
| (घ) | राजपत्र अनङ्कित प्रथम | पाँच वर्ष सेवा अवधि नपुगेका सहायक पाँचौ र पाँच वर्ष सेवा अवधि पुगेका अधिकृत छैठौं। |
| (ङ) | राजपत्र अनङ्कित द्वितिय | खरिदारमा पाँच वर्ष सेवा अवधि नपुगेका सहायक चौथो र पाँच वर्ष भन्दा बढि भएका सहायक पाचौं। |

♣(७) उपदफा (६) बमोजिम कार्यालय प्रमुखले समकक्षताको निर्धारण यो ऐन लागु भएको मितिले तीस दिनभित्र गर्नुपर्ने छ ।

---

♣ पहिलो संशोधनद्वारा थप

तर यो ऐन प्रारम्भ हुँदाका बखत प्रदेशमा कार्यरत नरहेका वा पछि आउने कर्मचारीका हकमा निज हाजिर भएको तीस दिनभित्र समकक्षता निर्धारण गरिसक्नु पर्नेछ ।

१३०. **<u>समायोजन भई आएका कर्मचारीको सेवा सुविधाः</u>** (१) समायोजन ऐन र संघीय कानून बमोजिम प्रदेश निजामती सेवामा समायोजन भई आएका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी ब्यवस्था यस ऐनका अतिरिक्त संघीय कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश निजामती सेवामा समायोजन भई आएका कर्मचारीको उपदान, निवृत्तभरण र औषधी उपचार खर्च सम्बन्धी ब्यवस्था समेत यस ऐनका अतिरिक्त संघीय कानून बमोजिम हुनेछ ।

१३१. **<u>नियम बनाउने अधिकारः</u>** (१) यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले प्रदेश निजामती सेवाका सेवा, समूह वा उपसमूहमा सामान्य रुपले लागू हुने र बेग्लाबेग्लै सेवा, समूह वा उपसमूहको लागि छुट्टाछुट्टै नियमहरू बनाउन सक्नेछ।

१३२. **<u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेः</u>** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

****